महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७

जीतपुरसिमरा उपमहानगरपालिका
बारा

महालेखापरीक्षकको कार्यालय

काठमाडौँ, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण महानिदेशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या : २०७६।७७ मिति: २०७७।३।२६
च.नं. ३१५

श्री नगर प्रमुखज्यू,
जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय,बारा ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्नगरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, बित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका,महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ताप्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीय तहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथा सम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीयतहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ अषाढ २८ गते ।

महालेखापरीक्षक कार्यालय
Office of the Auditor General
प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६।७७
च. नं. ३१५

मिति: २०७७।३।१९

श्री नगरप्रमुखज्यू,
जीतपुरसिमरा उपमहानगरपालिका,
बारा।

विषय : लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले जीतपुरसिमरा उपमहानगरपालिको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य विवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१.उपमहानगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. ६ करोड ८४ लाख ७० हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १ करोड ७२ लाख ५८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. १ करोड ७४ लाख ८५ हजार, नियमित गर्नुपर्ने रु. २९ लाख ७३ हजार र पेश्की बाँकी रु. ३ करोड ७ लाख ५४ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्वन्धमा मिति २०७६।११।२५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम भएको व्यहोराको अन्तिम प्रतिवेदन पाना २८ (अठ्ठाईस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको श्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्वन गरेकोले उपमहानगरपालिकाको पेश्की वाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्वन्धित अन्य प्रचलित कानून वमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिताअनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन वमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी उपमहानगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकिय अधिकृत उपमहानगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्वन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामापनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(विन्दु विष्ट)
नायव महालेखापरीक्षक

जीतपुरसिमरा उपमहानगरपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७५।७६

परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न उपमहानगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । गढीमाई नगरपालिकाबाट जीतपुरसिमरा उपमहानगरपालिकामा परिणत यस उपमहानगरपालिकामा साविकका भवानीपुर जीतपुर, पिपरा सिमरा, डुमरवाना, फत्तेपुर, छातापिपरा, अमलेखगञ्ज, इनवा्सिरा गाविसको पुरै भाग र मनहर्वा गाविसको (१,२,३,७,८,९), हरैयाको (१) र रामपुरटोकनी (३) नम्बर वडा समेटिएको छ । यस उपमहानगरपालिकामा २४ वटा वडा छन् । राष्ट्रिय जनगणना २०६८ अनुसार जीतपुरसिमरा उपमहानगरको जनसंख्या ११४,१८५ रहेको छ भने क्षेत्रफल ३११.६७ वर्ग किमी छ । यस उपमहानगरको पूर्वमा निजगढ नगरपालिका र कोल्हवी नगरपालिका, पश्चिममा बिरगन्ज महानगरपालिका, उत्तरमा हेटौडा नगरपालिका र दक्षिणमा परवानीपुर गाउपालिका र कलैया उपमहानगरपालिका रहेका छन् ।

स्थानीय संचितकोषः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ वमोजिम विभिन्न स्रोतबाट प्राप्त निकासा तथा आम्दानीहरु उपमहानगरपालिकाले स्थानीय सन्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । उपमहानगरपालिकाको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोष र आय व्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

सि.नं.	आयतर्फ			सि.नं.	व्ययतर्फ		
	विवरण	रकम			विवरण		रकम
१	**गतवर्षको जिम्मेवारी**			१	**चालु खर्च**		५४,९३,१०,०१६.६४
	क) नगद			२	**पूँजीगतखर्च**		३६,६०,१७,५४७.१५
	ख) बैंक	२४,८९,३५,३८२.५१		३	**वित्तीयव्यवस्थाभुक्तानी**		
२	**राजस्व (आन्तरिक आय)**				क) ऋण भुक्तानी		
	क) आन्तरिक राजस्व	१४,९२,३५,९६१.३०			ख) ब्याजभुक्तानी		२,००,०००.००
	ख) राजस्व बाँडफाँड संघ	१३,८९,०७,२३१.०४			ग) अन्यभुक्तानी		
	ग) राजस्व बाँडफाँड प्रदेश	२,०९,४६,९४३.००		४	**लगानी**		
	घ) अन्यआय				ऋण लगानी		
	ङ) यो वर्षको आम्दानी				शेयर लगानी		
३	**वित्तीय हस्तान्तरण**				अन्यलगानी		
	क)वित्तीय समानीकरण अनुदान	२७,०१,००,०००.००					
	ख) सशर्त अनुदान	३३,८२,०९,०००.००		५	**धरौटी फिर्ता**		४,७५,४५,२०१.१५
	ग) समपूरक अनुदान	२,००,००,०००.००			धरौटी बैङ्क मौज्दात		
	घ) विशेष अनुदान			६	गरिवी निवारण कोष		२९,८०,०००.००
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**			७	**मौज्दात**		
	क)वित्तीय समानीकरण अनुदान	४८,४२,०००.००			क) नगदमौज्दात		
	ख) सशर्त अनुदान	१,९०,००,०००.००			ख) बैंक मौज्दात		४७,८५,०२,१८९.०५
	ग) समपूरक अनुदान						

	घ) विशेष अनुदान						
५	**अन्तर स्थानीय तहबाट प्राप्त**						
६	**वित्तीयव्यवस्थाप्राप्ति**						
	क) ऋण प्राप्ति						
	ख) साँवाप्राप्ति						
	ग) ब्याजप्राप्ति						
७	**विभिन्नकोषतर्फको आय**						
	(क) गरिवी निवारण कोष	५५,७८,०४९.००					
	(ख) कर्मचारी कल्याणकारी कोष	४३,१०,७१५.००					
८	**जनसहभागिता (नगद)**	२,४६,७९,५००.००					
९	**विषयगत निकायबाट प्राप्त रकम**						
१०	**धरौंटी आय**	५,९८,२३,००२.१४					
११	**लगानीको साँवाफिर्ता**						
१२	**अन्यविविधआय**						
	(क) सामाजिक सुरक्षा भत्ता	१०,८१,४८,०००.००					
	(ख) सडक वोर्ड नेपाल	२५,६९,६७०.००					
	(ग) बहुक्षेत्रीय पोषण	२०,००,०००.००					
	(घ) प्रधानमन्त्री रोजगार कार्यक्रम	६,४१,०००.००					
	() तराई मधेश समृद्धि कार्यक्रम	५०,००,०००.००					
	(च) स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम	१,२०,५०,०००.००					
	(छ) झोलुङ्गे पुल कार्यक्रम	९०,००,०००.००					
	(ज) ग्रामिण उघम तथा विप्रेशषण आयोजना	२,७३,५००.००					
	(झ) प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम	३,०५,०००.००					
	जम्मा	**१,४४,४५,५४,९५३.९९**			**जम्मा**		**१,४४,४५,५४,९५३.९९**

लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

<table>
<tr><th>दफा नं.</th><th>भौचर, मिति र व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>उल्लेखित आर्थिक कारोवारहरुको जोखिम विश्लेषण, नमुना छनौट, लेखापरीक्षण नीति मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यावसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीस्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार छनौट (Sampling) को आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । लेखापरीक्षण सम्पन्न पश्चात देखिएका व्यहोराहरु उपर मिति २०७६।११।२३ मा व्यवस्थापनसंग छलफल गरी कायम भएका व्यहोराहरु प्रतिवेदनमा समावेश गरिएको छ ।</td><td></td></tr>
<tr><td>१.</td><td>बैंक हिसाब -कार्यालयको खाता हिसाव र वैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यसवर्षको बर्षान्तमा बैंक मौज्दात रु. ४७,८५,०२,१८९।०५ रहेको छ । सोही अवधिको देहायका खाताको बैक स्टेटमेन्ट अनुसार बैंक मौज्दात रु. ५४,४२,३४,४७९।५४ देखिएकाले रु. ६,५७,३२,२९०।४९ बैकमा बढि मौज्दात देखिएको छ । कार्यालयले बैंक हिसाब मिलान तयार नगरेकोले फरक पर्नाको कारण पहिचान गर्न सकिएन । यसर्थ बढि मौज्दात देखाएको रकम हिसाब मिलान गर्नुपर्दछ ।
<table>
<tr><th>खाता नं</th><th>मौज्दात</th></tr>
<tr><td>चालु खर्च १२६०३०२०१६११०</td><td>६,००,८५,९६४।६५</td></tr>
<tr><td>पुँजीगत खर्च १२६०३०२०२६२१०</td><td>८,१५,१८,९३०।५२</td></tr>
<tr><td>धरौटी १२६०३००७११०</td><td>१,१४,४४,५८६।०४</td></tr>
<tr><td>मूल संचित कोष १२६०३०४०१८११०</td><td>३९,११,८४,९९८।३३</td></tr>
<tr><td>जम्मा</td><td>५४,४२,३४,४७९।५४</td></tr>
</table></td><td></td></tr>
<tr><td>२.</td><td>रकम फिर्ता :- स्थानिय सरकार सञ्चालन ऐन, २०७४ मा केन्द्रिय सरकारबाट सर्सत रुपमा पाएका अनुदान खर्च गरी बाँकी रहेको रकम आ.व.को अन्त्यमा केन्द्रिय कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था गरेको छ । उपमहानगरपालिकाले आ.व. अन्त्यमा बाँकी रहेको सर्सत अनुदानको रकम केन्द्रिय खातामा फिर्ता गर्नु पर्नेमा गरको पाइएन । अत : नियमानुसार बांकी रकम केन्द्रिय खातामा दाखिला गर्नुपर्ने रकम रु.
<table>
<tr><th>विवरण</th><th>फिर्ता गर्नु पर्ने रकम रु.</th></tr>
<tr><td>ग्रामीण उधम विप्रेशण आयोजना (चालु)</td><td>१४,५९१।००</td></tr>
<tr><td>प्रदेश स्थानीय तह</td><td>१,४३८।००</td></tr>
<tr><td>प्रधानमन्त्री रोजगार कार्यक्रम</td><td>२,४६,५७८।००</td></tr>
<tr><td>पुँजीगत</td><td></td></tr>
<tr><td>स्थानीय पूर्वाधार साझेदारी</td><td>१५,४४,९३७।००</td></tr>
<tr><td>झोलुङ्गेपुल</td><td>४४,८८,४८६।००</td></tr>
<tr><td>तराई मधेश</td><td>२०,५६,५६२।००</td></tr>
<tr><td>जम्मा</td><td>८३,५२,५९२।००</td></tr>
</table></td><td>८३,५२,५९२।००</td></tr>
<tr><td>३.</td><td>आन्तरीक नियन्त्रण प्रणाली: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र</td><td></td></tr>
</table>

दफा नं.	भौचर, मिति र व्यहोरा	बेरुजू रकम रु.
	दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले कानूनी व्यवस्था बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको नदेखिएकोले कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली विश्वसनीय छ भनी एकिन गर्न सकिएन । ● **जिन्सी निरीक्षणः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रूपमा लेखि वा लिई राख्ने र प्रतिवेदनमा कैफियत देखिएका व्यहोरा कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेकोमा मिति २०७६।५।८ मा जिन्सी निरीक्षणको प्रतिवेदन पेश गरेकोमा सो कार्यन्वयन भएको छैन । ● **राजस्वमा आन्तरिक जांच** : राजस्व तर्फ कार्यालयले नगदनै वुझ्ने गरेको पाइयो । उक्त नगद कार्यालयले स्वयं बैक दाखिला गर्ने गरेकोमा नगद वुझ्ने अभिलेख राख्ने र बैक दाखिला गर्ने व्यक्ति एकै भएको पाइयो । आन्तरिक जांचको व्यवस्था भएको पाइएन । ● **जोखिम पहिचानः** कार्यालयले बर्षभरिमा सम्पादन गर्ने गरी कार्यक्रममा रहेका र आइपर्ने सम्भाबित जोखिमहरु पहिचान गरी जोखिमहरुको रजिष्टर खडा गरी राख्नुपर्नेमा जोखिम पहिचान गरी समाधानको कार्य योजना तयार गरेको देखिएन । ● **योजना सन्चालनः** सन्चालित योजनाको काम तोकिएको समयमै सम्पन्न गरेको देखिएन । ● **कार्य विवरणः** प्रत्येक निजामती पदको कार्य विवरण बनाइ लागु गर्नु पर्ने व्यवस्था रहेकोमा प्रत्येक कर्मचारीलाई कार्य विवरण दिएको देखिएन । ● **कार्यक्रम वाइज खर्च खाताः** कार्यालयले कार्यक्रम वाइज खर्च खाता राखेको छैन । जसले गर्दा कुन कुन कार्यक्रममा के कति खचं भयो, कुन कुन कार्यक्रममा बढी वा घटी खर्च भयो । स्वीकृत कार्यक्रम वेगर खर्च भए नभएको सम्बन्धमा अध्ययन र तुलना गर्न सक्ने स्थिति रहेन । ● **लागत अनुमान/खरिद योजनाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा (५), (६) एवं सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३), (८) बमोजिम खरिद कारवाहीको तयारी, खरिद कार्य योजना, खरिदको प्रकार, बिधि, समय तालिका, खरिदको आर्थिक श्रोत, लागत अनुमान र खरिद आवश्यकताको पहिचान गरी खरिदको कुल बिबरण, परिमाण र क्षेत्रको यकिन गरी बार्षिक खरिद योजना र लागत अनुमान तयार गर्नुपर्नेमा कानूनी व्यवस्था बमोजिम खरिद योजना तयार गरेको देखिएन । ● **मर्मत अभिलेखः** सवारी साधन तथा मेशीनरी उपकरण मर्मत गरेपछि म.ले.प.फा.नं.२ मा अभिलेख राख्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले मर्मत अभिलेख खाता राखेको पाईएन । ● **भ्रमण अभिलेखः** भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची -६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नु पर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था समेत गर्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले भ्रमण अभिलेख खाता राखेको नदेखिएकोले कानूनी व्यवस्था बमोजिम अभिलेख व्यवस्थित गर्नुपर्दछ ।	

दफा नं.	भौचर, मिति र व्यहोरा	बेरुजू रकम रु.
	• **नापी किताब, ठेक्का बीलः** यो वर्ष ठेक्का भएका विभिन्न ठेक्काको रनिंग तथा अन्तिम बिल भुक्तानी गर्दा नापी किताब, ठेक्का सम्व्न्धी बिल, कार्य सम्पन्न प्रतिवेदनमा ठेक्का नं., कार्य सम्पन्न हुनुपर्ने मिति, कार्य सम्पन्न मिति उल्लेख गरेको छैन । ठेक्का सम्वन्धी भुक्तानीको महत्वपूर्ण कागजातको रुपमा रहेका नापी किताब, ठेक्का सम्वन्धी बिल, कार्य सम्पन्न प्रतिवेदनमा यस्ता विषयहरु उल्लेख नगर्दा ठेक्काको अभिलेख व्यवस्थापनमा कमजोरी रहने हुंदा नापी किताब, ठेक्का सम्वन्धी बिल तथा कार्य सम्पन्न प्रतिवेदन अद्यावधिक रुपमा राखिनु पर्दछ । • **मू.अ.कर दर्ता नभएकासंग खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९(१) अनुसार सार्वजनिक निकायले बीस हजार रूपैयाँभन्दा बढी रकमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउँर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले उपभोक्ता समिति मार्फत गराएका कार्यहरुमा मू.अ.कर दर्ता नभएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट विभिन्न निर्माण सामग्री र अन्य मालसामान खरिद गरी कार्य गरेको देखिएकोले कानूनी व्यवस्था बमोजिम मू.अ.कर दर्ता भएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद कार्य गर्ने गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । • **प्रशासकीय संगठन र कर्मचारी दरवन्दीः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ८३ मा उपमहानगरपालिकाले आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा विषयगत शाखा र महाशाखा रहेको संगठनसंरचना कायम गर्नुपर्ने व्यवस्था रहेको छ । हाल ३२ जना कर्मचारी मात्र रहेकोले कार्यालयको निर्दिष्ट उद्देश्य प्राप्तिका लागि दरवन्दी अनुसार पदपूर्ति गर्नेतर्फ सम्वन्धित निकायले ध्यान दिनुपर्ने देखिन्छ । • **उपमहानगरपालिका क्षेत्रभित्रको सम्पत्तिको संरक्षणः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ९७ मा उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, आफ्नो कोषबाट बनेको, खरिद भएको वा नेपाल सरकार, प्रदेश सरकार, कुनै संस्था वा व्यक्तिले दिएको सम्पत्ति, ढल, नाला, पोखरी, धार्मिक स्थल, पाटी, पौवा, घर, कुवा, धारा, इनार, गौचर, पानीघाट, निकास, चोक, गल्ली, सडक, बाटो सडकको दायाँबार्याका रुख, आफ्नो स्वामित्जमा रहेको भवन, जग्गा, पार्क, उद्यान, चौतारो, बसपार्क, वा अन्य संरचना, राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरक्ष, सीमसार क्षेत्र, तथा राष्ट्रिय वन बाहेक आफ्नो क्षेत्राधिकारभित्रको अन्य वन, संविधान र प्रचलित कानून बमोजिम नेपाल सरकार वा प्रदेश सरकारको क्षेत्राधिकार बाहेकको अन्य प्राकृतिक सम्पदा लगायतका सम्पत्तिको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले त्यस्ता सम्पत्तिको अभिलेख नराखेको, रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध समेत गरेको नदेखिएकोले कानूनी व्यवस्था बमोजिम अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । • **सम्पत्ति विवरणः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ११० मा सदस्यले पद धारण गरेको र प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आफ्नो परिवारको सदस्यको नाममा रहेको चल अचल सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण सम्वन्धित स्थानीय तहमा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा कानूनी व्यवस्था अनुसार सम्पत्ति विवरण पेश गरेको जनाएको छ ।	
४.	**आन्तरिक लेखापरीक्षणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले	

दफा नं.	भौचर, मिति र व्यहोरा	बेरुजू रकम रु.
	कानून वमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्नेछ भन्ने व्यवस्था छ । त्यस्तै सोही दफाको उपदफा ४ मा आन्तरिक लेखापरीक्षणको एक प्रति अन्तिम लेखापरीक्षणका लागि खटिने डोर वा महालेखापरीक्षकले तोकेको व्यक्ति वा निकायलाई उपलव्ध गराउनु पर्नेछ भन्ने व्यवस्था छ । उपमहानगरपालिकाले आफ्नो कार्यालयको राजस्व, धरौटी तथा विनियोजन तर्फको आय व्यय तथा प्रचलित कानून वमोजिम खडा भएको कार्य संचालन वा अन्य सार्वजनिक कोषको आन्तरिक लेखापरीक्षण गराएको पाइएन । उपमहानगरपालिकाले उपर्युक्त व्यवस्था अनुसार कार्यालयको सम्पूर्ण कारोवारको आन्तरिक लेखापरीक्षण गराउनु पर्दछ ।	
५.	**राजस्व परामर्श समितिः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ६५ मा राजस्व सम्वन्धी परामर्शको लागि एक स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था छ । उक्त समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत राजस्व सम्वन्धी कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने, राजस्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण गर्ने र अनुमान गर्ने लगायतका कार्यहरु तोकिएको छ । राजस्व परामर्श समितिको बैठक यो बर्ष बसेता पनि ऐनमा उल्लेख भए अनुसारका कार्यहरु गरेको देखिएन ।	
६.	**स्थानीय तथ्यांक र अभिलेख** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम उपमहानगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ ।उपमहानगरपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ उपमहानगरपालीकाले अभिलेख व्यवस्थापन गर्न ध्यान दिनुपर्ने देखिएको छ ।	
७.	**सेवा प्रवाह :** कार्यालयले आर्थिक वर्ष २०७५।७६ सेवा प्रवाहतर्फ गरेको कार्यसम्पादनको विवरण माग गर्दा पेश नभएको र सेवा प्रवाहको अभिलेख समेत व्यवस्थित किसिमले नराखेकोले कार्यालयले वर्ष भरीमा के कति कार्यसम्पादन गरेको छ एकिन गर्न सकिएन ।	
८.	**कार्यविभाजन र कार्यसम्पादनः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा १६ मा कार्यपालिकाको कार्यविभाजन र कार्यसम्पादन सम्वन्धी व्यवस्था कार्यपालिकाले स्वीकृत गरेको नियमावली बमोजिम हुने व्यवस्था रहेकोमा सो सम्वन्धी नियमावली तयार गरेको नदेखिएकोले कार्यविभाजन र कार्यसम्पादन नियमावलीको अभावमा कार्यसम्पादनमा अस्पष्टता र द्विविधा हुनसक्ने हुँदा कानूनी व्यवस्था बमोजिम हुनुपर्ने देखिन्छ ।	
९.	**समिति गठनः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा २२ मा नगरसभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न नियमावली वनाई लेखा समिति, विधायन समिति, सुशासन लगायत आवश्यकता अनुसार समिति र विशेष समिति गठन गर्न सक्ने व्यवस्था रहेकोमा ऐनले तोके बमोजिमका ६ वटा समितिहरु गठन भई कार्यन्वयनमा आएको छ ।	
१०.	**नक्शा पासः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा २७ मा उपमहानगरपालिकाबाट नक्शा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था रहेकोमा कार्यालयले नक्शा पास गर्ने व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याएको देखिएन । घर नक्शापास र निर्माण कार्य सम्पन्न सम्वन्धी	

दफा नं.	भौचर, मिति र व्यहोरा	बेरुजू रकम रु.

देहायनुसारको विवरण पेश गरेको छ । यस तर्फ ध्यान दिनुपर्दछ ।

सुपर स्ट्रक्चर अनुमति	कार्यसम्पन्न संख्या		
	गत विगत वर्ष अनुमति लिएका मध्ये अभिलेखिकरण	यो वर्ष प्लिनथ सम्म अनुमति लिएका	सम्पन्न प्रमाण पत्र
३५	२०६	५६	१८

११. **न्यायिक समितिको वार्षिक विवरण :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ५३(२) बमोजिम उपमहानगरपालिकाको न्यायिक समितिले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्वन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । तर सो समितिको गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्वन्धित सभामा पेश गरेको छैन । अतः सम्वन्धित सभामा पेश गर्नु पर्दछ ।

सामाजिक सुरक्षा भत्ताः

१२. (क) **नगद मार्फत वितरण :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ को दफा २२ बमोजिम र आर्थिक वर्ष २०७५/७६ बजेट वक्तव्य अनुसार सामाजिक सुरक्षा भत्ता रकम नगरपालिकामा बैंक मार्फत गरिने गाउँपालिकमा बैंकिङ्ग सुविधा भए बैंक मार्फत भत्ता वितरण गरिने व्यवस्था मिलाउने उल्लेख छ । कार्यालयले वडा नं.१ देखि १८, २३ र २४ सम्मको सामाजिक सुरक्षा बापतको भत्ता बैंकिङ्ग प्रणालीबाट भुक्तानी गरेको छ । अन्य वडाहरु वडा नं. १९ देखि २२ सम्मको यस वर्ष सामाजिक सुरक्षा भत्ता र सम्पूर्ण वडाहरुको दलित वालवालिका सुरक्षा भत्ता सम्बन्धित वडाका सचिवलाई पेश्की दिदैं भरपाईका आधारमा नगद वितरण गरेको देखिएकोले वितरण प्रणाली भरपर्दो र विश्वसनिय बनाउन ति वडाहरुको समेत अविलम्ब बैंकिङ्ग प्रणाली मार्फत भत्ता वितरण गर्नुपर्दछ ।

(ख) **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ वमोजिम पेश्की फछर्योट गर्नु पर्ने र नियम ७९ (१) मा सरकारी रकम पेश्की लिने सरकारी कर्मचारीले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फर्छयौट नगरेमा बाँकी पेश्की रकममा म्याद नाघेका मितिले बार्षिक १० प्रतिशतका दरले ब्याज समेत लगाई लिईने छ भन्ने व्यवस्था छ । निम्न कर्मचारीहरुले अधिल्लो आ.ब. मा. सामाजिक सुरक्षा कार्यक्रमका लागि लिएको पेश्की तोकिएको काम गरी तोकिएको समयमा वितरण गरेको भर्पाई प्राप्त नगरेको कारण हालसम्म पेश्की नै देखिएकोले नियमको उपर्युक्त व्यवस्था अनुसार फछर्योट गर्नु पर्ने रु

१,११,६५,८००.००

क्र.सं.	पेश्की पाउनेको कर्मचारीको नाम	रकम रु.
1.	नरेन्द्र कुमार चौधरी	९९,२००।-
2.	अनिल कुमार मिश्र	१,७८,०००।-
3.	जीवन कुमार क्षेत्री	९९,६००।-
4.	संगिता कुमारी चौधरी	१,१०,०००।-
5.	बिजयकान्त झा	६६,२५,६००।-
6.	घनशयाम चौधरी	४०,२००।-
7.	रबिन्द्र राम	३४,८६,२००।-
8.	दिल्ली प्रसाद ढुङगाना	१,५८,०००।-
9.	अनिल विशवकर्मा	२,५३,४००।-
10.	कृष्णनाम प्रसाद चौधरी	१,१३,२००।-
11.	लिलावती नेपाल	२,४००।-

दफा नं.	भौचर, मिति र व्यहोरा	बेरुजू रकम रु.
	जम्मा १,११,६५,८००।	
१३.	सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि, २०७२ को दफा ९ अनुसार उपमहानगरपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित अनुसूचि ५ बमोजिमको मूल अभिलेख अध्याबधिक गरी राख्नु पर्ने व्यवस्था छ । सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखि मूल अभिलेख खाता व्यवस्थित गरी सोहि प्रमाणका आधारमा वित्तिय सूचना प्रणाली (MIS) मा डाटा अपलोड गर्दै दोहोरो नपर्ने गरी अभिलेख भिडान हुने गरी राख्नु पर्दछ । तर कार्यालयले मूल अभिलेख खाता वडा कार्यालयमा रहेको जनाई लेखापरीक्षणका लागि पेश नगरेको, अन्य विषयका हकमा उमेर पुरा भएपछिवा भत्ता पाउने भएपछि अभिलेखमा फोटो तथा ल्याप्चे नलगाई सोझै सफ्टवेयर इन्ट्री गरेको, सम्वन्धित वडाबाट नामनामेसी सहित अभिलेख व्यवस्थित गरी सिफारिस सहित कागजात प्राप्त भएपछि MIS मा प्रविष्ट गर्नुपर्नेमा सोझै गर्ने गरेको, अनुसूची ८ मा थप भएका र हराएका व्यक्तिको विवरण भरि प्राप्त नभएको केही नामनामेसी सफ्टवेयरबाट सोझै हटाउने र थप्ने कार्य भएको, वित्तिय सूचना प्रणालीमा सामान्य कुरा फरक भएमा समेत भिडान भई नामनामेसी प्रविष्ट गरेको, एउटै नागरिकता नं. भएकाको समेत MIS मा प्रविष्ट भएबाट वित्तिय सूचना प्रणाली भरपर्दो र विश्वसनिय नभएकाले सम्बन्धित निकायले सो प्रणालीमा भत्ता पाउनेको नामनामेसी दोहोरो नपर्ने गरी System बाट नियन्त्रण हुने गरी व्यवस्थित गर्नुपर्दछ । कार्यालयले वडा कार्यालय अनुगमन गरी भत्ता पाउने/नपाउने अभिलेख यकिन नगरेको, पञ्जिकरण अभिलेख (जन्म, मूत्यू, बसाई सराई) व्यवस्थित अभिलेख नभएको, मन्त्रालय/पंजिकरण विभागमा अनुसूची ८(क) नपठाएको र अभिलेख समेत पेश नगरेबाट भिडान गर्न सकिएन ।	
१४.	बैक मार्फतसुरक्षा भत्ता वितरण हुने बैकहरुमा कृषि विकास वैक, नेपाल बैक, नेपाल इन्भेष्टमेन्ट बैक, सिद्धार्थ बैक, रा.वा. बैक, नविल बैक र एनआइसी एसिया बैक मध्ये कृषि विकास बैकवाट मात्र लाभग्राहीको खातामा जम्मा हुन नसकेको रकम रु १,३३,३७०। को विवरण उपलव्ध गराएकोमा अन्य बैकहरुवाट त्यस्तो रकमको अवस्थाका सम्वन्धमा विवरण प्राप्त गरेको देखिएन । जस्का कारण ति बैकहरुमा के कति रकम वितरण नभई बांकी छ भनी खुलाउन सकिएन । अत कार्यालयले ु समय समयमा त्यस्तो विवरण माग गरी वितरण नभएको रकम फिर्ता माग गर्नु पर्ने देखिन्छ । सो मध्ये कृषि विकास बैकले देखाएको वितरण नभई बांकी देखिएको भत्ता फिर्ता माग गर्नु पर्नेमा माग गरेको नपाइएको रकम रु.	१,३३,३७०.००
	पुँजीगत तर्फ	
१५.	**खरिद योजना :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमाभन्दा वढि रकमको खरिद गर्दा तोकिएबमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) ले वार्षिक रु १० लाख भन्दा वढि रकमको खरिद गर्नुपर्ने भएमा आगामी वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा वजेट तयार गर्दा बार्षिक खरिद योजना तयार गरि सोही अनुसार स्वीकृति गराई कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेकोमा पूँजीगत तर्फका कार्यक्रम नगरसभाबाट स्वीकृत गराई कार्यान्वयन गरेतापनि वार्षिक खरिद योजना तथा गुरुयोजना तयार गरि स्वीकृत गराई कार्यान्वयनमा ल्याएको पाईएन ।	
१६.	**वजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था रहेकोमा कार्यक्रमको प्राथमिकिकरण र विषय क्षेत्रगत	

दफा नं.	भौचर, मिति र व्यहोरा	बेरुजू रकम रु.
	कार्यक्रम अनुसार कार्यक्रम वर्गिकरण गरेको नदेखिएकोले कानूनी व्यवस्था अनुसार कार्यक्रमको प्राथमिकिकरण र विषय क्षेत्रगत कार्यक्रमको वर्गिकरण गरी सन्चालन हुनुपर्ने देखिन्छ ।	
१७.	**लक्ष्य प्रगति :-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक र वार्षिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती तयार नदेखिएकोले सन्चालित योजनाको भौतिक प्रगति एकिन गर्न सकिएन । कार्यालयले पेश गरेको याजनागत खर्चको विवरण अनुसार निम्नानुसारका कार्यक्रमको वित्तीय प्रगति शुन्य देखिएकोले वान्छित प्रगति हासिल गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
१८.	**योजना तर्जुमा र कार्यान्वयन :** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा २४ मा उपमहानगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना वनाई लागु गर्ने व्यवस्था रहेकोमा उपमहानगरपालिकाले कुनै किसिमको योजना तर्जुमा गरेको देखिएन ।	
१९.	**योजना संशोधन** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा वजेट पास गर्ने अधिकार सभालाई छ । उपदफा ३ मा सभाले वजेट माथि पुर्नविचार गर्नु पर्ने अवस्था आएमा कार्यपालिकामा पठाउने र उपदफा ५ वमोजिम कार्यपलिकाले पुर्नविचार गरी परिमार्जन सहित वा परिमार्जन गर्न नपर्ने भएम सुझाव सहित सभामा पठाउने छ भन्ने व्यवस्था छ । चालु आ.व. २०७५।७६ भित्र संचालनका लागि वडा /नगरस्तरबाट संचालन हुन भनी पेश भएका र सभावाट स्वीकृत भएका योजनाहरु कार्यपालिकाका विभिन्न बैठकहरु वाट संशोधन गर्ने र आगामी सभाको बैठकमा पेश गरी सहमती लिने भनी निर्णय गर्ने गरेको पाइयो । सभावाट स्वीकृत भएका योजनाहरु कार्यपलिकावाट संशोधन गर्ने अधिकार स्थानीय सरकार संचलन ऐनमा रहेको देखिएन । यस आ.व.मा स्वीकृत भएका रु.६ करोड २६ लाख ७० हजार का ८८ वटा योजनाहरु कार्यपालिकाले संशोधन गरी रु ६ करोड २६ लाख २६ हजारका ७४ योजनाहरु वनाई सभावाट अनुमोदन लिने भनी निर्णय गरेको पाइयो । स्थानीय सरकार संचालन ऐनमा योजना संशोधनको प्रावधान रहेको पाइएन ।	

मिति।बैठक नं	विगतमा पेश भएका योजना संख्या	रकम	संशोधन भएका योजना संख्या	रकम
२०७५।६।२३–२६	५	३०,३०,०००।००	५	३०,३०,०००।००
२०७५।९।१२–२९	८	५७,००,०००।००	१२	५७,५०,०००।००
२०७५।९।३–३०	३	१०,७५,०००।००	४	९,२५,०००।००
२०७५।१०।७–३१	६	४५,६०,०००।००	६	४५,६०,०००।००
२०७५।१०।२९–३२	१०	७७,१५,०००।००	१५	९०,७१,०००।००
२०७५।११।२२–३३	४	१,२२,००,०००।००	४	१,१८,५०,०००।००
२०७५।१२।५–३४	४	९,००,०००।००	३	९,००,०००।००
२०७५।१२।२४–३५	१४	१,२५,००,०००।००	१३	१,२५,५०,०००।००
२०७६।१।२१–३६	३४	१,४९,९०,०००।००	१२	१,३९,९०,०००।००
जम्मा	**८८**	**६,२६,७०,०००।००**	**७४**	**६,२६,२६,०००।००**

२०.	**योजना संचालन र हस्तान्तरण :** आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भईसकेका आयोजनाहरुको नियमित रेखदेख र मर्मत सम्भार कार्य आफैले गर्ने वा त्यस्ता आयोजनाको स्वामित्व समेत सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरी दिगो संचालन हुने व्यबस्था	

दफा नं.	भौचर, मिति र व्यहोरा	बेरुजू रकम रु.
	मिलाउनु पर्दछ । योजना किताबमा सबै योजना हस्तान्तरण गर्ने फारामको व्यवस्था गरेपनि व्यवस्थित रुपमा दस्तखत गरी सबै योजनाहरु हस्तान्तरण भएको देखिदैन । योजनाको अनुगमन गरी अनुगमन प्रतिवेदन समेत व्यवस्थित रुपमा तयार गरेको देखिदैन । अतः विधिवत् रुपमा हस्तान्तरण गरी योजनाको अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।	
२१.	**मध्यकालिन खर्च संरचना :** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालिन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले मध्यकालिन खर्च संरचना तयार गरेको देखिएन ।	
२२.	**चौमासिक प्रगति :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७६(३) बमोजिम प्रमुख प्रशासकिय अधिकृतले गाउँपालिका तथा उपमहानगरपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिन भित्र कार्यपालिकाको वैठकमा पेश गर्नु पर्नेमा पेश गरेको देखिएन ।	
२३.	**कन्टिन्जेन्सी खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७)मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची१ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट ,स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत थप गर्ने व्यवस्था रहेको छ । सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था गरी कन्टिन्जेन्सी खर्च हुदै आएको छ । यो वर्ष कार्यालयले रु.३२,३५,९०७।०० कन्टिन्जेन्सी खर्च लेखेकोमा कुन कुन निर्माण कार्यको लागि के कति कन्टिन्जेन्सी व्यवस्था गरेको र सो मध्ये के कति खर्च भएको छ कन्टिन्जेन्सी व्यवस्था र खर्चको अभिलेख नराखेकोले कन्टिन्जेन्सी खर्च सम्वन्धमा एकिन गर्न सकिएन ।	
२४.	**उपभोक्ता समितिको कार्य :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१) बमोजिम एक करोड रुपैंयासम्मको काम उपभोक्ता समिति वा लाभग्राही समूहबाट गराउन सकिने व्यवस्था भएकोमा उपभोक्ता समिति मार्फत उपमहानगरपालिकाले विभिन्न निर्माण कार्य गराएकोमा देखिएका व्यहोराहरु देहाय अनुसार छन । ● उपनियम ७ बमोजिम उपभोक्ता समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस नगरेको र उपभोक्ता भेलाबाट खर्चको सार्वजनिकरण केही मात्रामा गरेपनि व्यवस्थित रुपमा श्रमिक संख्या, मालसामानको विवरण, मूल्य आदि खुलाई तयार नगरेको । ● गाउँसभाले योजना छनौट गर्दा सर्भे रिपोर्टको आधारमा लागत अनुमान तयार भए पश्चात गर्नुपर्नेमा सभाले बजेट विनियोजित गरे पश्चात योजना सर्भे र लागत अनुमान तयार गरेकोले लागत अनुमान र बजेटबीच तादम्यता नहुने र बजेट अनुमान र लागत अनुमान यथार्थपरक नहुने देखिन्छ । ● योजनाको निर्माण कार्य शुरु हुनु पूर्व निर्माण कार्य भइरहेको अवस्था र निर्माण कार्य सम्पन्न भएको देखिने गरी स्थलगत फोटोहरु सामेल गरी खर्चको पुष्ट्याई गर्नुपर्नेमा निर्माण कार्य शुरु हुनु पूर्वको फोटोहरु कुनै पनि योजनामा सामेल नभएको, निर्माण भएको र निर्माण सम्पन्न अवस्थाको केहि योजनामा फोटोहरु सामेल भएपनि अधिकांशमा भएको देखिएन । खर्चको पुष्ट्याईका लागि उक्त प्रमाण आवश्यक हुने हुँदा सो सामेल गरी खर्च गर्नुपर्दछ । ● उपनियम ११ बमोजिम निर्माण कार्य सम्पन्न गरेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त अनुदान रकम र जनश्रमदानबाट व्यहोरिएको श्रम नगद वा जिन्सी समेत पुरै खर्चको विवरण सो निकायमा पेश गर्नुपर्नेमा उपभोक्ता समितिले प्राविधिकबाट जाँचपास गराएपनि खर्चलाई पुष्टि हुने गरी	

<table>
<tr><th>दफा नं.</th><th>भौचर, मिति र व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>पूर्णरुपमा जनसहभागिता अंशको वील भरपाई व्यवस्थित नगरेको ।
● योजना कितावमा चाहिने व्यहोरा खुलाई तयार नगरेको र मस्टररोलमा कामदारको तीनपुस्ते खुल्ने विवरण नराखि कामदारको नामनामेसी मात्र राखेको ।
लागत अनुमान तयार गर्दा र कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा प्राविधिकले कार्यालयले गर्ने कार्य, रकम र उपभोक्ता समितिबाट गर्ने कार्य, रकम खुलाई तयार नगरी एकमुष्ट रुपमा तयार गरी अनुपातिक आधारमा कार्यालय अंश र जनसहभागिता अंश खुलाउने गरेकोले छुट्टाछुट्टै खुलाई तयार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२५.</td><td>उपमहानगरपालिकासँग ५ टिपर, १ ग्रेडर, २ ब्याकहो लोडर, ५ ट्याक्टर गरी १० वटा निमार्ण उपकरण चालू अवस्थामा रहेका छन् । यस्ता निर्माण उपकरणको उपयोग, इन्धन खर्चको अद्यावधिक रेकर्ड राख्नुपनेर्मा राखेको छैन । यस्ता यान्त्रिक उपकरणको प्रयोगबाट आन्तरिक आय पनि गरेको छैन । यस्ता उपकरणको प्रयोग कार्यविधि तर्जुमा गरेको छैन । यस्ता साधनको खरिदमा उपमहानगरपालिकाले ठूलो धनराशी खर्च गरेको छ । तर उपभोक्ता समिति मार्फत कार्यान्वयन गरेका कार्यक्रममा बाह्य निर्माण व्यवसायीबाट उपकरण भाडामा ल्याई कार्यक्रम संचालन गरेको भनी उपभोक्ता समिति मार्फत खर्च लेख्ने गरेको छ । यसबाट खर्च दोहोरो हुने ,खरिद गरेका यान्त्रिक उपकरणको समूचित उपयोग भएको स्थिति देखिएन । यस तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२६.</td><td>उपमहानगपालिकाको कार्यालय भवन : दोश्रो नगरसभाद्वारा पारीत आ.ब.२०७५।०७६ को नीति तथा कार्यक्रममा यस उप महानगरपालीकाद्वारा निर्माणाधिन कार्यालय भबनको दोश्रो तलाको निर्माण पुरा हुने क्रममा रहेको तथा तेश्रो र चौथो तलाको निर्माण प्रकृया अघि बढ्दै गरेको साथै भबन र परिसर हाल कार्यालयको ब्यापक काम र कर्मचारी तथा सेबाग्राहीहरुको ब्यापक उपस्थितिको कारणले गर्दा सानो हुने अबस्था रहनुको साथसाथै कार्यालय संचालन र ब्यबस्थापनलाई अत्याधुनिक प्रबिधिमैत्री बनाई सेबा सुबिधालाई प्रभाबकारी एबम् छिटोछरितो बनाउने उल्लेख भए बमोजिम यो बर्ष कार्यालय भबन निर्माण कार्यलाई तीब्रता दिई निम्नानुसार निर्माण कार्य भएको देखिन्छ ।
<table>
<tr><th>गो.भौ.नं.।मिति</th><th>क्रम</th><th>लागत अनुमान(रु.हजारमा)</th><th>निर्माण ब्यबशायी</th><th>भुक्तानी रकम(रु.हजारमा)</th></tr>
<tr><td>८५,०७५।६।२६</td><td>पहिलो तला निर्माण</td><td>१९१३</td><td>डि एण्ड आर कन्स्ट्रक्सन</td><td>१०५४</td></tr>
<tr><td>३०९,०७६।१।२३</td><td>,,</td><td>२०४२</td><td>,,</td><td>१४५६</td></tr>
<tr><td>२४,०७५।८।२१</td><td>,,सिढी,रेलिङ, टायल</td><td>४००</td><td>गौतम निर्माण सेबा</td><td>३८९</td></tr>
<tr><td>४०५,०७६।२।२७</td><td>आल्मुनियम पार्टीशन</td><td>२००</td><td>सिध्दि आल्मुनियम फेब्रिकेशन</td><td>१८०</td></tr>
<tr><td>१३२,०७५।११।२</td><td rowspan="3">तेश्रो तला निर्माण</td><td rowspan="3">३१५४९</td><td rowspan="3">तामाकोशी बिल्डर्स</td><td>२२००</td></tr>
<tr><td>२१३,०७५।१२।३</td><td>२३००</td></tr>
<tr><td>४१५।०७६।३।२९</td><td>४५३१</td></tr>
</table>
कार्यालय भवन निर्माण गर्न शुरुमै एकमुष्ट लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट प्रतिस्प्रर्धा गराई निर्माण लागतमा मितव्ययिता ल्याउन सक्ने अबस्थामा उपरोक्तानुसार एउटै भबनको निर्माण कार्य पनि पटक पटकको लागत अनुमान र ठेक्का बन्दोबस्तीका साथसाथै भित्री कामहरु जस्तो रेलिङ, पार्टीशन, बिद्युतीकरण, स्यानीटरी, फर्निसिङ लगायतका कामहरु छुट्टाछुट्टै गराउँदा भबन निर्माणको लागत मितव्ययी हुन नसकेको र समय बढन गएको देखिन्छ । साथै भवनको निर्माण सम्पन्न गर्ने म्याद सकिएको हुदा नियमानुसार निर्माण कार्य सम्पन्न गराई कार्यालयको दैनिक कार्यसंचालनमा सहजीकरण गर्नु पर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

दफा नं.	भौचर, मिति र व्यहोरा	बेरुजू रकम रु.

२७. **बजेट खर्च समायोजन :** कार्यालयले निम्नानुसार ९ वटा गोश्वारा भौचरहरुबाट विभिन्न आपूर्तक, निर्माण व्यवसायी, उपभोक्ता समिति एवं संस्थाको नाममा बैंक नगदी किताबमा एकपटक बजेट खर्च लेखेको रकम रु. ८४,१९,१०३ पुन रिभर्स भौचर उठाई बजेट खर्च समायोज गरेको पाइयो । यसरी कतिपय दोहोरो खर्च लेखिएको भनि सच्चाउनु तथा कतिपय रिभर्स भौचर उठाई सकेको पुनः बजेट खर्च लखेको पाइएकोले कार्यालयको वित्तिय अभिलेख प्रणालीमा कमाजोरी रहेको देखिएकोले यस्तो कार्यमा सुधार हुन पर्दछ । यस्ता कारोवारका उदाहरण यस प्रकार छन् :

गो.भो.नं./मिति	पार्टी	कार्य	रकम
6-2075/6/7	सुमन निर्माण सेवा	अस्पताल निर्माण	5,00,000/-
15-2075/6/9	मिलेनियम इन्फोयस	ल्यापटप खरिद	1,08,155/-
26-2075/8/23	उपभोक्ता समिति वडा नं. १७	बाटो निर्माण तथा मर्मत	1,01,174/-
269-2075/12/27		प्रिन्टर, कोर्टज खरिद	53074/-
18-	बटुक भैरव कन्सट्रक्सन	सौर्य बत्ती जडान	50,00,000/-
102-2075/10/17	जनकल्याण मञ्च	योजना संचालन	140322/-
466-2076/3/18	उपभोक्ता समति वडा नं. १३	सडक मर्मत ग्रावेल	1686380/-
344-2076/2/1	उपभोक्ता समिति वडा नं. २ प्रगति टोल	बाटो तथा नाला निर्माण	330000/-
329-2076/1/27	उपभोक्ता समिति वडा नं. ३	गुम्बा निर्माण	500000/-
	जम्मा		**8419103/-**

२८. **सौर्यबत्ति जडानः** उपमहानगरपालिका भित्रका विभिन्न वडाहरुबाट विभिन्न स्थानमा अत्यावश्यक स्थानहरुमा सौर्यबत्ती जडान गर्न माग भई आए बमोजिम यस कार्यालयले बटुकभैरव कन्स्ट्रक्सन काठमाण्डौंसँग ४९ वटा पोलमा सौर्य बत्ती जडान गर्न प्रति पोल रकम रु. १,१०,५००। का दरले रकम रु. ५४,१४,५००। बजेट खर्च लेखेकोमा उपमहानगरपालिकाका कुनकुन वडाहरु कुनकुन स्थानमा के कति संस्थाका सौर्य बत्ती जडान भएका हुन सोको स्पष्ट विवरण खुलाइएको प्राविधिक प्रतिवेदन श्रेस्तासाथ संकलन नगरी खर्च लेखेको रु — ५४,१४,५००।००

२९. **मुल्य अभिवृद्धिकर भुक्तानीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा कुनै रकमको भुक्तानी गर्दा खर्चको विल भर्पासहित लेखा राख्नुपर्ने उल्लेख छ । निम्नानुसार त्रिकोण व्यवसायीलाई कर बीजक बेगर मूल्य अभिवृद्धि कर भुक्तानी गरेकोले मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नु पर्ने रु. — १,२३,८२३।००

गो.भौ. नं. रमिति	निर्माण व्यवसायी	काम	भुक्तानी रकम	मु.अ.कर
153-2075/11/13	नव निर्माण कन्स्ट्रक्सन प्रा.लि.	बकुलिया सामुदायिक भवन निर्माणको अन्तिम बील भुक्तानी	458669/-	52670/-
154-2075/11/13	मनकामना कन्स्ट्रक्सन हेटौडा	बकुलिया सामुदायिक भवन, शौचालय र	261584/-	30003/-

दफा नं.	भौचर, मिति र व्यहोरा	बेरुजू रकम रु.
	<table><tr><td></td><td></td><td>वाल निर्माण कार्यको</td><td></td><td></td></tr><tr><td>157-2075/11/13</td><td>सापकोटा हाइड्रो एण्ड इन्जिनियरिङ्ग वर्क्स प्रा.लि.</td><td></td><td>357782/-</td><td>41150/-</td></tr><tr><td></td><td></td><td>जम्मा</td><td></td><td>1,23,823/-</td></tr></table>	
३०.	**खुला दिशामुक्त क्षेत्र घोषणा :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा कुनै रकमको भुक्तानी गर्दा खर्चको विल भर्पासहित लेखा राख्नुपर्ने उल्लेख छ । उपमहानगरपालिका भित्रका वडा नं. ५,७,१०,११,२० लगायतका वडाहरुमा खुला दिशा मुक्त क्षेत्र घोषणा कार्यक्रम संचालन गर्न ना.सु. हरि किशोर साहलाई निम्नानुसार रु. १६,१८,५००। भुक्तानी गरेकोमा वडावासी विपन्न घरपरिवार मध्ये के कति संस्थाका घरवरिपरिमा के कति संस्थाका शौचालय निर्माण कार्य के कति निर्माण सामाग्री जस्तो प्पान, रिंग, पाइप, कभर लगायतमा लाग्ने लागत अनुमान सो बमोजिम घोषणा सभामा लाग्ने अन्य खर्च समेतका स्वीकृत लागत अनुमान बमोजिम भएका यथार्थ खर्चका बील भपाई सहितको खर्च विवरण र कार्य सम्पन्न भएका प्राविधिक पुष्टयाई सहितको विवरण बेगर खर्च लेखेको रकम नियमित नदेखिएका रु <table><tr><th>गो.भौ.नं. मिति</th><th>भुक्तानी रकम</th></tr><tr><td>232-2075/12/5</td><td>8,02,695/-</td></tr><tr><td>380-2076/2/13</td><td>3,15,805/-</td></tr><tr><td>436-2076/3/6</td><td>5,00,000/-</td></tr><tr><td>जम्मा</td><td>16,18,500/-</td></tr></table>	१६,१८,५००।
३१.	**जनसहभागिता :** कार्यालयबाट प्राप्त एकिकृत आर्थिक विवरण बमोजिम यो वर्ष विभिन्न उपभोक्ता समिति मार्फत संचालन गरिने योजनाको संचालनार्थ उनीहरुबाट लागत सहभागिता स्वरुप जनश्रमदानको साथसाथै नगद योगदान स्वरुप रु.२,४६,७९,५००। आम्दानी देखाइएको छ तापनि नगद योगदानको प्राप्त विवरण बमोजिम २०० वटा उपभोक्ता समितिबाट रु. १,७५,०५,५००। मात्र आम्दानी देखिएकोले उक्त रकममा रु.७१,७४,०००। फरक देखिन्छ । यस सम्बन्धमा कार्यालयले स्पष्ट गरेको नपाईएकोले फरकको समायोजन हिसाव पेश गर्नु पर्दछ ।	
३२.	**कर्मचारी कल्याणकोष ११९२.२०७६।३।३१ :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले सेवा, शर्त तथा कानून बमोजिम अवकाश हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउन अवकाश कोषको स्थापना गर्ने व्यवस्था छ । उपमहानगरपालिकामा कार्यरत यस्ता कर्मचारीको मासिक तालिबमा करिव रु. ५,००,००० खर्च हुने गरिएकोमा यो वर्ष कार्यालयले चालु खर्च शिर्षकबाट रु. १९,१६,५९०। बजेट खर्च लेखि कर्मचारी कल्याण कोष खातामा जम्मा गरेको छ । उक्त कोषको छुट्टई आर्थिक विवरण पेश गर्नु पर्नेमा सो पेश नभएकाले उक्त कोषको यथार्थ अवस्था अवगत हुन सकेन । अतः उक्त कोषको आय व्यय विवरणका साथै बैंक स्टेटमेन्ट पेश हुनु पर्दछ ।	
३३.	**तराई मधेश समृद्धि :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा खरिद सम्झौताको अवधि थप गर्न सक्ने एवं सो को आधार तोकिएको छ । तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत गुदरी बजार निर्माण कार्यको लागि निर्माण व्यवसायी सनी कन्स्ट्रक्सन वधवान ६, बारा संग मिति २०७६/०२/३० मा काम सम्पन्न गर्नु पर्ने गरी २०७६/०१/११ मा सम्झौता भएको पाईयो । उक्त कार्यको सम्झौता रकम रु ५३,६०,५६४।३० रहेकोमा कार्य सम्पन्न प्रतिवेदन अनुसार रु २९,४१,३६०।४८ मात्र भएको देखिन्छ । उक्त प्रतिवेदन अनुसार काम सम्पन्न भएको मिति २०७६/०३/१५ देखिन्छ । सम्झौतामा काम सम्पन्न गर्नु पर्ने अविधि २०७६/०२/३० रहेकोमा	

<table>
<tr><th>दफा नं.</th><th>भौचर, मिति र व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>निर्माण व्यवसायीले उक्त काम २०७६/०३/१५ मा सम्पन्न गरेको तर उक्त थप अवधिको म्याद थप भएको दखिएन् ।</td><td></td></tr>
<tr><td></td><td>प्रदेश सरकार सर्शत कार्यक्रम</td><td></td></tr>
<tr><td>३४.</td><td>जनसहभागिताको अंश कट्टा नगरेको : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (४) मा उपभोक्ता समितिलाई निर्माण कार्यको भुक्तानी दिंदा ओभररेड कन्टिजेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्नेछ भन्ने व्यवस्था छ । उपमहानगरपालिकाले जनसहभागिताको अंश २० प्रतिशत तोकेको छ । प्रदेश सरकार सर्शत कार्यक्रम अन्तर्गतको काम उपभोक्ता समिति मार्फत गराएकोमा निम्नानुसारले हुने जनसहभागिताको अंश २० प्रतिशत र कन्टिजेन्सी वापतको २.५ प्रतिशत कट्टा गरेको पाईएन् । यस सम्बन्धमा नगर कार्यपालिकाको २०७६/०२/०५ को ३७ औ बैठकले प्रदेश सरकारबाट प्राप्त रु एक/एक करोडको दुई वटा सशर्त बजेटलाई उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्दा आवश्यक लागत सहभागिता अनिवार्यता नगर्ने भनी निर्णय गरेको पाइयो । नगरपरिषदबाट स्वीकृत मापदण्डले उपभोक्ता समिति मार्फत हुने निर्माण कार्यमा १० प्रतिशत नगद अनुदान र १० प्रतिशत श्रम अनुदान तोकेको र उपभोक्ता समिति मार्फत भएका निर्माण कार्यमा सोही बमोजिम सहभागिता गराएको अवस्थामा निम्नानुसारका दुई उपभोक्ता समिति मार्फत गराएको सडक निर्माणको कार्यमा जनसहभागिता अनिवार्यता नगर्ने भनी निर्माण गरे बमोजिम निम्नानुसारको जनसहभागिताको अंश समेत भुक्तानी दिएको र कन्टिजेन्सी वापत कट्टी हुनु पर्ने २.५ प्रतिशतको अंश समेत कट्टी नगरी भुक्तानी दिएकोले उपभोक्त समितिलाई दुबै वापतको बढी भुक्तानी दिएको रु
<table>
<tr><th>गो.भौ.नं.र मिति</th><th>उपभोक्ता समिति</th><th>कामको मूल्याङ्कन</th><th>कट्टा गर्नुपर्ने जनसहभागीताको अंश</th><th>कट्टा गर्नुपर्ने कन्टिजेन्सी को रकम</th><th>कट्टी हुनुपर्ने जम्मा रकम</th></tr>
<tr><td>१/२०७६/०२/०५</td><td>सुन्दरवस्ती देखी पानी टंकी सम्म सडक ढलान निर्माण उपभोक्ता समिति</td><td>९५,००,०००।-</td><td>१९,००,००० ।-</td><td>२,३७,५००।-</td><td>२१,३७,५००।-</td></tr>
<tr><td>२/२०७६/०२/०५</td><td>दश विगाह बाटो हुदै आन्तरिक राजश्व कार्यालयको बाटो अल्पाइन अस्पताल हुदै नगरवस्तीको बाटो निर्माण उपभोक्ता समिति</td><td>९५,००,०००।-</td><td>१९,००,००० ।-</td><td>२,३७,५००।-</td><td>२१,३७,५००।-</td></tr>
<tr><td colspan="4"></td><td>जम्मा</td><td>४२,७५,०००।-</td></tr>
</table>
</td><td>४२,७५,०००।-</td></tr>
<tr><td></td><td>आन्तरीक आय</td><td></td></tr>
<tr><td>३५.</td><td>राजस्व अभिलेखः- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ दफा २२ मा राजस्व अभिलेख अद्यावधिक गरी सो को लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौचर, मिति र व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>हुने व्यवस्था छ । जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन र त्यसको भोलिपल्ट दाखिला गरी श्रेस्ता खाडा गर्नु समेत उल्लेख छ ।

उपमहानगरपालिकाले राजस्व आम्दानीको असूली र दाखिलाको अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । बैंक मार्फत राजस्व कारोवार गर्नुपर्नेमा गरेको छैन् । नगदी रसिद मार्फत नगद राजस्व असूल गरेको छ । नगदी रसिदको ठेली आम्दानी , खर्च र बाँकी ठेली देखिने गरी रसिद नियन्त्रण खाता राखेकोमा अभिलेख पूर्ण देखिएन । राजस्वको परीक्षण गर्दा देखिएका व्यहोराहरु यस प्रकार छन :
(क) उपमहानगरपालिका र अर्न्ततगका वडा कार्यालयहरुले राजस्व र आन्तरिक आम्दानी गर्दा राख्नु पर्ने निम्न म.ले.प. फारामहरु राखी राजस्वको अभिलेख राखेको पाइएन । नगदी प्राप्ति रसिद : म.ले.प.फा. नं १०१
● गोश्वारा भौचर : म.ले.प.फा. नं १० क
● राजस्व आम्दानीको दैनिक गोश्वारा खाता : म.ले.प.फा. नं १०८
● राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता : म.ले.प.फा. नं १०८ (क)
● राजस्व आम्दानीको दैनिक बैक भौचर प्राप्त गोश्वारा खाता : म.ले.प.फा. नं १०८ (ख)
● राजस्वको बैक नगदी किताब : म.ले.प.फा. नं २३
● राजस्वको बैक हिसाव मिलान विवरण म.ले.प.फा. नं १५ (क)
● राजस्व आम्दानीको आर्थिक विवरण
वडाहरुको नगदी रसिद नियन्त्रण खाता र नगदी रसिदको अवस्था परीक्षण गर्दा कार्यालय वाट वुझि लगेको कतिपय नगदी रसिदहरु कार्यालयमा फिर्ता प्राप्त भएको देखिएन । यसरी कार्यालयवाट नगदी रसिद माथि प्रभावकारी नियन्त्रण भएको पाइएन । नगदी रसिदको यस्तो व्यवस्थाले के कति नगदी रसिद प्रयोग भए, सो वाट के कति राजस्व प्राप्त भयो र कति संचित कोषमा दाखिला भयो भनी एकिन गर्न सकिएन । जसकारण एकिकृत आर्थिक विवरणमा देखाइएको राजस्व सही र यथार्थ हो भनी एकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>३६.</td><td>कार्यालयले राखेको नगदी रसिद नियन्त्रण खाता, कार्यालयमा फिर्ता प्राप्त भएका नगदी रसिद र कार्यालयले राखेको नगदी राजस्व आम्दानी देखाउने अभिलेखको परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छन । साथै रसिद नियन्त्रण खातावाट सम्वन्धित वडाहरुले वुझि लगको र राजस्व आम्दानी गरेको तर कार्यालयले खडा गरेको राजस्व दाखिलाको अभिलेख वाट संचित कोषमा दाखिला नदेखिएको देहायवमोजिमको रु ५,८३,१६२। का सम्वन्धमा एकिन हुनु पर्ने रु
<table>
<tr><th>वडा नं.</th><th>रसिद</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>2</td><td>7751-7800</td><td>दाखिला नदेखिएको</td><td>14,950/-</td></tr>
<tr><td></td><td>6401-6450</td><td>दाखिला नदेखिएको</td><td>31,850/-</td></tr>
<tr><td></td><td>901-1000, 1201-1250,1451-1500,1501-1500,1501-1550,4751-4800,7051-7100,7751-8600,9001-9050,9001-9050.8551-8600,7801-7900,11101-11150,11701-11750</td><td>कार्यालयमा फिर्ता नभएका र दाखिला नदेखिएका रसिदहरु</td><td></td></tr>
<tr><td>3</td><td>4401-4500, 5651-5700, 5801-5900,7151-7200,7701-7800,10401-10450</td><td>कार्यालयमा फिर्ता नभएका र दाखिला नदेखिएका रसिदहरु</td><td></td></tr>
<tr><td>4</td><td>3051-3100</td><td>दाखिला नदेखिएको</td><td>6325/-</td></tr>
</table>
</td><td>५,८३,१६२.००</td></tr>
</table>

दफा नं.	भौचर, मिति र व्यहोरा				बेरुजू रकम रु.
		105l-10600	दाखिला नदेखिएको	13,825/-	
		500l-5033	दाखिला नदेखिएको	25,950/-	
	5	625l-6300, 710l-7150 710l-7150	कार्यालयमा दाखिला देखिएन	19,125/- 9650/-	
		55l-600. 100l-1100, 11450-11500, 910l-9200	कार्यालयमा प्राप्त भई राजश्व खातामा दाखिला नदेखिएका		
	6	740l-7450	नगदी रसिद प्राप्त तर कार्यालयले राजश्व दाखिलामा नदेखिएको ।	14230/-	
		1280l-12850	नगदी रसिद कार्यालयमा प्राप्त नभएको		
	7	105l-10200, रु. 10800/- 635l-6400 रु. 11,900/- 30l-350 रु. 10550/- 190l-1950 रु. 8550/-	वडाले कार्यालयमा बुझाएको तर कार्यालयले राजश्व दाखिलामा नदेखिएको	41800/-	
	8	1215l-12200, रु. 13345/- 1265l-12700,रु. 19170/- 570l-5750 22000/- 585l-5900 रु. 32445/- 570l-9800 रु. 28693/- 510l-5200 रु. 80081/- 800l-8100 44412/-	वडाले कार्यालयमा बुझाएको तर कार्यालयले राजश्व दाखिलामा नदेखिएको	1,68,066/-	
	10	295l-2979 रु. 3900/- 330l-3400 मालपोत रसिदको रु. 9249/-	राजश्व आम्दानी देखाई दाखिला नदेखिएको	13,149/-	
		930l-9350, 1085l-10900, 8100l-10100	कार्यालयमा रसिद प्राप्त नभएको		
	11	885l-8900 रु. 9300/- 1040l-10500 रु. 8062/- 640l-6500 रु. 43,981/-	नगदी रसिद प्राप्त तर राजश्व दाखिला नदेखिएको	61,343/-	
	12	110l-1200, 820l-8300, 1195l-1200	कार्यालयबाट बुझी लगेको तर कार्यालयमा प्राप्त नै नभएको		
	13	1090l-10950, 230l-2350, 960l-9600	कार्यालयबाट बुझी लगेको तर कार्यालयमा प्राप्त नै नभएको		
	14	850l-8550 रु. 15,125/- 650l-6550 रु. 15,170/-	रसिद प्राप्त तर कार्यालयले राजश्व दाखिला नदेखिएको	30,295/-	
		85l-900, 150l-1600	कार्यालयबाट बुझी लगेको तर कार्यालयमा फिर्ता भई दाखिला नदेखिएको		
	15	420l-4300 रु. 8314/- 870l-8800 रु. 5575/-	रसिद प्राप्त तर कार्यालयले राजश्व	13,889/-	

दफा नं.	भौचर, मिति र व्यहोरा				बेरुजू रकम रु.
			दाखिलामा नदेखिएको		
		225|-2300, 515|-5200, 590|-5950, 630|-6400, 1255|-12600, 990|-10000	कार्यालयबाट बुझि लिई गएको तर कार्यालयमा राजश्व आम्दानी नदेखिएको		
	17	265|-2700 रु. 5800/- 575|-5800 रु. 6200/- 300|-3100 रु. 50,964/-	रसिद प्राप्त तर कार्यालयले राजश्व दाखिलामा नदेखिएको	62,964/-	
		20|-250, 205|-2100, 30|-400	कार्यालयबाट बुझेको तर कार्यालयमा फिर्ता आई राजश्व दाखिला नदेखिएको		
	18	1030|-10400 रु. 4360/-	रसिद प्राप्त तर कार्यालयको राजश्व दाखिलामा नदेखिएको	4360/-	
	19	1020|-10300 रु. 20,555/- 1180|-11850 रु. 12050/- 1190|-11950 रु. 9960/- 1185|-11900 रु. 10480/-	मालपोत र नगदी रसिद प्राप्त भएका तर ती रसिदको राजश्व कार्यालयको दाखिलामा नदेखिएको	53045/-	
	20	1175|-11800, 160|-1700	कार्यालयबाट बुझि लगेको तर कार्यालयमा राजश्व आम्दानी नदेखिएको		
	21	130|-1400, 680|-6850, 1125|-11300	कार्यालयबाट बुझि लगेको तर कार्यालयमा राजश्व आम्दानी नदेखिएको		
	22	80|-850, 675|-6800, 570|-5800, 1130|-11350	कार्यालयबाट बुझि लगेको तर कार्यालयमा राजश्व आम्दानी नदेखिएको		
	23	मालपोत रसिद 200|-2100	कार्यालयबाट बुझि लगेको तर सोको राजश्व कार्यालयमा प्राप्त नभएको		
	24	1275|-12800 रु. 3950/- 950|-9600 रु. 8221/-	रसिद प्राप्त भएका तर तिनको आदाती कार्यालयको राजश्व दाखिलाको अभिलेखमा नदेखिएको	12,171/-	
			जम्मा	**5,83,162/-**	
३७.	**ठेक्का नलागी आम्दानी गर्न नसकेको** : निम्न आय शीर्षकहरुमा ठेक्का वन्देवस्त गर्नु पर्ने भनी वढावढका माध्यम वाट सूचना प्रकाशन गरेकोमा वोलपत्र नै नपरी ठेक्का लागेको पाइएन :				

दफा नं.	भौचर, मिति र व्यहोरा	बेरुजू रकम रु.

आय ठेक्का विवरण	ठेक्का रकम	कैफियत
अस्थाई हाट वजार वा घुम्ती पसल कर सिमरा	५०,०००।००	ठेक्का नलागेको
अस्थाई हाट वजार वा घुम्ती पसल कर जैतापुर	२,५०,०००।००	ठेक्का नलागेको

माथि उल्लेख भए अनुसार ठेक्का आव्हान गरेकोमा दरभाउपत्र पेश नभएकोले ठेक्कावाट आय असुली भएको देखिएन । उक्त क्षेत्रमा उ.न.पा.ले आफैले कर असुली गरेको नदेखिएकाले आन्तरीक आय घटेको देखियो ।

३८. **ढुंगा, गिट्टी, वालुवा ग्राभेल नदिजन्य वस्तु (निकासी विकी) ठेक्का**

(क) दुधौरा नदी, बालगंगा नदी र पसाह नदीवाट ढुंगा गिट्टी वालुवा निकासीका लागि विनोद शाह निर्माण सेवा कलैया संग २०७५।६।७ मा रु ६,१०,७४,४४५। मा सम्झौता भएको देखियो । सम्झौतामा उक्त रकम एकमुष्ठ दाखिला गरेमा १० प्रतिशत छुट दिने भनी तय भए वमोजिम ठेकेदारले मिति २०७६।७।६ मा रु ५,४९,६७,०००।०० दाखिला गरी रु ६१,०७,४४५। मिनहा दिएको सम्वन्धमा उक्त मिनहा कुन आधारलाई टेकेर दिएको उल्लेख छैन । उक्त छुट दिने सम्वन्धमा नगरकार्यपालिकावाट नीतिगत निर्णय भएको पाइएन ।

(ख) सम्झौतामा कबोल गरेको रकम रु ६,२७,००,०००। २०७५ असोज १ वाट लागु हुने भनिएकोमा सम्झौता मिति २०७५ असोज ७ गते भएकोले सो ७ दिनको रकम रु १६,२५,४५५। मिनाह गरी बांकी रकम मात्र लिने गरी सम्झौता भएको पाइयो । सम्झौताको वुंदा नं १७ मा उपमहानगरपालिका क्षेत्र भित्रको दुधौरा, बागगंगा र पसाहा नदीबाट स्वीकृत आई.ई. ई.को परिधिभित्र रही उत्खनन गरी बिकी निकासी हुने वस्तु ढुंगा गिटी बालुवा मात्र लिन पाईनेछ भनी उल्लेख छ । आई.ई. ई. प्रतिवेदनमा दुधौरा नदीबाट ८५५०० घनमिटर, बालगंगा नदीबाट ९९८०० घनमिटर र पसाह नदीबाट ९०२०० घनमिटर उत्खनन गर्न मिल्ने भनी परिमाण निश्चित गरे वमोजिम नै सम्झौताले उत्खननको अनुमति दिएको छ । ठेक्का सम्वन्धी सुचना प्रकाशन गर्दा सो सम्वन्धमा शर्त राखेको छैन । सम्झौता गर्दा सम्झौता गर्दा परिमाण तोकेर गरेको तर मिनाह दिंदा अवधिको आधार लिएको, ठेकेदारले सम्झौतामा तोकेको परिमाण उत्खनन गरी निकासी विकी गर्न नसक्ने भनी माग गरेको एवं कार्यालयवाट छानविन गर्दा उक्त माग जायज भएको एकिन नगरी मिनाह दिएको उक्त रकम रु १६,२५,४५५। सम्वन्धित वाट असुल गर्नु पर्ने रु — १६,२५,४५५.००

(ग) सम्झौताको वुदा १७ मा दुधौरा नदी, बालगंगा नदी र पसाह नदीवाट स्वीकृत आई.ई.ई को परिधिभित्र रही उत्खनन गरी बिकी निकासी हुने वस्तु ढुंगा गिट्टी बालुवामा मात्र लिन पाईनेछ । आई.ई.इ परीक्षण बाहेकको नदीहरुमा उत्खनन गरी बिकी निकासी गर्न पाइने छैन । उक्त कार्य गरेमा कारवाही हुनेछ भन्ने व्यवस्था रहेको देखियो । त्यस्तै वुंदा नं १४ मा यस कबुलियतनामाको कुनै पनि शर्त दोश्रो पक्षवाट उलंघन भएको पाइएमा उक्त शर्तमा कारवाहीको व्यवस्था भएको भए सोही वमोजिम र नभएको हकमा पहिलो पक्षले एक पटक सचेत गराउन सक्नेछ । यसरी सचेत गराउदा पनि सुधार नदेखिएमा कार्यालयले दिएको निर्णय अन्तिम हुनेछ भन्ने व्यवस्था रहेको छ । कार्यापालिकाले मिति २०७५।७।२० मा सम्वन्धित ठेकेदारले आइ इ इ प्रतिवेदन र प्रचालित कानून बमोजिम काम नगरेको भनी सचेत गराएका पाइयो । तत्पश्चात पनि ठेकेदारले सम्झौता र आइइइ प्रतिवेदन अनुसार काम नगरी जथाभावी ढुंगा, गिटी, वालुवा, ग्राभेल आदि तोकिएको परिमाण भन्दा वढी उत्खनन गरी विकी गरेको भनी नागरिक समाचारपत्रमा मिति २०७५ फाल्गुण ३० गतेको अंकमा समाचार प्रकाशन गरको साथै अन्य पत्र पत्रिकामा समेत समाचार प्रकाशन भएकोमा कार्यालयवाट सम्झौतामा उल्लेख भएको शर्तका अधिनमा रही कारवाही गरेको देखिएन ।

(घ) ठेक्कामा मूल्य अभिबृद्धि कर असुल नभएको : मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १५(३)

दफा नं.	भौचर, मिति र व्यहोरा	बेरुजू रकम रु.
	मा नेपाल सरकार, स्थानीय तह, नेपाल स्थित अन्तराद्दिय संघ संस्था वा नियोग वा मूल्य अभिबृद्धि कर नलाग्ने वस्तुको कारोवार गर्ने सार्वजनिक संस्थानले मूल्य अभिबृद्धि कर लाग्ने वस्तु वा सेव विक्री गर्दा कर असुल उपर गर्नु पर्नेछ भन्ने व्यवस्था छ । उपमहानगरपालिकाले यस आ.व.मा मूल्य अभिबृद्धि कर लाग्ने ढुंगा गिटी, वालुवाको ठेक्का कारोवार गरेकोमा सो मा कर असुल गरेको पाइएन । दुधौरा नदी, बालगंगा नदी र पसाह नदीका लागि भएको उक्त ठेक्कामा ठेकेदार विनोद शाह निर्माण सेवा कलैया को कवोल रकम रु ६,२७,००,००। मा सम्झौता भएकोमा उक्त कारोवार रकममा १३ प्रतिशतले हुने कर रु.८१,५१,०००। ठेक्का रकम असुल गर्दा नै असुल गरी राजस्व खातामा जम्मा गरेको नदेखिएको रु.	८१,५१,०००.००
३९.	**हाट वजार शुल्क , जीतपुर :** कार्यालय र ठेकेदार श्री रविशंकर प्रसाद कलवार बिच रु १४,२१,०००। मा ठेक्का सम्झौता भएकोमा ठेकेदारले मिति २०७५।४।२ मा रु ७,१०,५७५। मात्र दाखिला गरेको देखिएकोले वांकी रु ७,१०,४२५। समेतमा नियमानुसार व्याज जरिवाना समेत असुल हुनु पर्ने रु	७,१०,४२५.००
४०.	**पटके सवारी कर :** पटके सवारी करका लागि कार्यालय र संतोष कुशुहवा बिच रु ३५,५२,०००। मा पटके सवारी कर असुलीका लागि सम्झौता भएकोमा ठेकेदारले सम्झौता वमोजिम दाखिला गर्नु पर्ने मध्ये रु १७,७६,०००। मात्र दाखिला गरेको पाइएकोले बांकी रु १७,७६,०००। हाल सम्म असुल भएको देखिएन । उक्त वांकी असुल गर्नु पर्ने रु	१७,७६,०००.००
४१.	**पार्किङ्ग शुल्क :** पथलैयामा पार्किङ्ग शुल्क उठाउने सम्वन्धमा कार्यालय र अरुणा कंसकार बिच सम्झौता भई कार्यालयले रु १०,०१,०००। मा ठेक्का दिने सम्झौता भएको देखिन्छ । ठेकेदारवाट सम्झौता वमोजिमको रकम दाखिला गर्नु पर्नेमा २०७५।४।३ मा रु ५,००,५००। दाखिला भएको देखिन्छ । ठेकेदारले बांकी रु ५,००,५००। समेत दाखिला गर्नु पर्नेमा सो नगरी मिति २०७५।११।१ मा कार्यालयलाई पत्र लेख्दै २०७५।१०।२३ वाट पार्किङ्ग शुल्क उठाउने कार्य वन्द भएकोले बांकी शुल्क मिन्हाका लागि अनुरोध भई आएकोमा कार्यालय वाट मिन्हा पनि नदिएको र असुल पनि नगरेको पाइयो । उक्त वांकी शुल्क सम्वन्धमा एकिन हुनु पर्ने देखिएको रु	५,००,५००.००
४२.	फत्तेपुर हाट वजारका लागि मिति २०७५।६।१ मा श्री राम राजा खाँ थारु संग रु १०२०१। मा सम्झौता भएकोमा रु ५१००। मात्र दाखिला भएको देखिएकोले बांकी रु ५१०१। असुल भएको प्रमाण पेश हुनु पर्ने रु	५१०१.००
४३.	**जडीवुटी तथा जिवजन्तु कर :** कार्यालय र श्री सुमन निर्माण सेवा । विक्रान्त ईम्पेक्स कलैया विच २०७५।५।१९ मा कबोल रकम रु १,४४,००,०००। सम्झौता भएकोमा कबोल गरेको रकम वाट ९ दिन ढिला गरेको भनी रु ३,९८,७६९। मिनाह गरी बांकी रकम मात्र लिने गरी सम्झौता भएको पाइयो । निश्चित गरिएको क्षेत्र वाट जडीवुटी तथा जिवजन्तु निकासी गर्न पाउने गरी सम्झौत गरिसके पछि फेरि समयावधिलाई आधार मानी ढिला दिनको आधारमा कबोल रकम मिनाह दिएको दिएको मिल्दैन । उक्त मिनाह दिएको रकम रु ३,९८,७६९। सम्वन्धित वाट असुल गर्नु पर्ने रु	३,९८,७६९.००
४४.	**श्याम कर्मसियल ट्रेडर्स सिमरा, बारा :** उपमहानगरापालिका भित्र कवाडी कर (निकासी विक्री कर) ठेक्का सम्वन्धमा श्याम कर्मसियल ट्रेडर्स, सिमरा बारा संग २०७५।६।२२ मा रु २,११,००,०००। मा सम्झौता भएकोमा उक्त सम्झौता रकम एकमुष्ठ दाखिला गरेमा १० प्रतिशत छुट दिने भनी तय भए वमोजिम ठेकेदारवाट मिति २०७६।६ मा रु १,८९,९०,५०१। दाखिला गरी रु २१,०९,४९९। मिनहा दिएको सम्वन्धमा उक्त मिनहा कुन आधारलाई टेकेर दिएको उललेख छैन साथै मिनाह दिने सम्वन्धमा नगरकार्यपालिकावाट निर्णय भएको पाइएन ।	

दफा नं.	भौचर, मिति र व्यहोरा	बेरुजू रकम रु.
	ठेकेदार श्याम कर्मसियल ट्रेडर्स, सिमरा बाराले नगर भित्र कवाडी कर लिन पाउने भनी तोकिएका कवाडी सामानहरुमा समेत कवाडी कर उठाउने गरेको भनी विभिन्न उधोगहरुवाट गुनासो आएकोमा विभिन्न निकाय वाट तोकिएका सामान वाहेकमा उक्त कर उठाउन नदिनु भनी यस नगरपालिकालाई लेखि आएकोमा नगरपालिकावाट आइन्दा त्यस्तो नगर्नु भनी निर्देशन दिएको देखियो । यसै सम्वन्धमा नगरपालिका वाट मिति २०७६।१।१३ मा उक्त ट्रेडर्सलाई हाल सम्म कुन कुन शीर्षकमा कति रकम असुल भएको छ त्यस सम्वन्धि यथार्थ विवरण (बिल भर्पाईका अर्धकट्टी वा प्रतिलिपि समेत संलग्न राखी) पछि फरक नपर्ने गरी यथाशिघ्र यस कार्यालयमा उपलब्ध गराई दिनुहुन भनी अनुरोध गरेकोमा हाल सम्म पनि उक्त निर्देशनको पालना गरी विवरण उपलव्ध गराएको पाइएन । यस सम्वन्धमा कार्यालयवाट यथार्थ छानविन गरी लिन नमिल्ने कवाडी कर लिएको पाइएमा कारावाही गर्नु पर्ने देखिन्छ ।	
४५.	**सटर भाडा आम्दानी :** (क) यस वर्ष उपमहानगरपालिकाले निर्माण गरेका डवल सटर वाहिर रु.२४००, भित्र रु.२१००, सिगल सटर वाहिर रु.२२५० र भित्र रु.१९५० प्रति कोठाका दरले वहाल विटौरी शुल्क लगाइने आर्थिक ऐन २०७५ मा उल्लेख छ । यस वर्ष गुदरी वजार र मिना वजारका १०१ र ३३ सटर वाट वहाल रु २३,२८,४२४। असुली गरेको देखिएको छ । उक्त सटर भाडाको आम्दानी गत वर्षको भन्दा पनि घटी भएको पाइयो । वहाल लिने व्यक्तिको सम्झौतानुसार व्यक्तिगत विवरण सहितको खाता नराखेकाले उल्लेखित दररेट अनुसार असुली भएको सुनिश्चित गर्न सक्ने अवस्था देखिएन । यसर्थ नियमानुसार अभिलेख व्यवस्थापन गर्नुपर्छ भनी विगत वर्षहरुमा औल्याइएकोमा अवस्थमा सुधार भएको पाइएन । (ख) गुदरी वजारमा रहेका १०१ सटर र मिना वजारमा रहेका ३३ पसललाई नगरपालिकाले ठेक्का वढावढका आधारमा नलगाई व्यक्तिगत रुपमा भाडामा दिएको पाइयो । आन्तरिक आयको राम्रो विकल्पलाई ठेक्का वढावढको आधारमा प्रतिर्स्पात्मक तरिकाले भाडामा दिंदा वढी आम्दानी हुने सम्भावना रहेकोमा वजारमा चलेको प्रचलित भाढा दर भन्दा घटी दरमा भाडा लगाई आन्तरिक आयमा संकुचन ल्याउने अवस्था सृजना गरेको देखियो । (ग) चलचित्र हल व्यवसायमा वार्षिक रु १५०००। र जादु ,चटक सर्कस र रमाइलो मेला का (मेला अवधिभर) रु १०००। देखि रु १००००। सम्म स्तर हेरी प्रमुखले तोक्ने उल्लेख भएकोमा चलचित्र घर संचालन भएतापनि रकम असुल गरेको देखिएन ।	
४६.	**बक्यौता रकम असुली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तिय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ ।उपमहानगरपालिकाले गत विगत वर्ष देखिको वक्यौता असूली विवरण नराखेकोले वक्यौता हिसाव राखि अद्यावधिक गर्नु पर्दछ ।	
	चालु तर्फ	
४७.	**प्रोतसाहन भत्ता**: नेपाल सरकारबाट स्थानीय निकायमा खटिएकाका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचालन खर्च पाउने व्यवस्था छ । वित्तिय समानीकरण तर्फबाट प्राप्त रकममा नगरसभाद्धारा पारित गरी आर्थिक प्रशासनिक तथा दरबन्दीमा कार्यरत कर्मचारीको क्षमता अभिबृद्धिको लागि भनी खाइपाई आएको तलबको २५ प्रतिशत रु.४३,८३,३७०।०० खर्च लेखेको छ । केन्द्रिय बजेट स्पष्ट आधार एवं कार्यविधि विना रकम भुक्तानी गरेको पाइएकोले कार्यविधि वनाई वास्तविक कार्यको आधारमा मात्र खर्च भुक्तानी गर्नुपर्दछ ।	

दफा नं.	भौचर, मिति र व्यहोरा	बेरुजू रकम रु.
	प्रमाण वेगर भुक्तानी : २०/२०७५/०६/२२ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा कुनै रकमको भुक्तानी गर्दा खर्चको विल भर्पासहित लेखा राख्नुपर्ने उल्लेख छ । आवाश्यक प्रमाण वेगर भुक्तानी दिएका खर्चहरु देहायानुसार छन :	
४८.	क्षयरोग विरामीको उपचारको कोहर्ट नतिजा, कार्यक्रमको प्रगति एवम चुनौती र क्षयरोग कार्यक्रममा भएका नयाँ विषयमा उपचार केन्द्रका स्वास्थ्यकर्मीहरुलाई अद्यावधिक गर्ने उपचार केन्द्र स्तर कोहर्ट विश्लेषण कार्यक्रम सञ्चालन गरेकोमा विरामी परीक्षण गरेको रेकर्ड, कार्यक्रमको प्रगति समिक्षा लगायतका प्रमाण पेश नगरेको रु	१६,०००.००
४९.	७२/२०७५/१०/०८ प्राथमिक स्वास्थ्य केन्द्र सुद्धिढिकरण कार्यक्रम अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र रंगरोगन र शौचालय निर्माण कायृ गर्न उपमहानगरपालिकाले एम.एस. ट्रेड एण्ड लेवर सप्लायर्स सिमरालाई २०७५/०३/०८ मा कार्यादेश दिएकोमा सम्झौता नभएको, आयोजना कहिले शुरु गर्ने, कहिले सम्पन्न गर्ने मिति नखुलेको जसले गर्दा समयमै काम सम्पन्न भए/नभएको एकिन हुन नसकिएको रु	१,८७,६३८।-
५०.	**न्यानो झोला :** ९८/२०७५/१२/०५ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा कुनै रकमको भुक्तानी गर्दा खर्चको विल भर्पासहित लेखा राख्नुपर्ने उल्लेख छ । सत्केरी महिलाहरुलाई न्यानो झोला वितरण गर्ने उद्देश्यले उपमहानगरपालिकाले मेडिसेन्स मेडिको फर्माबाट ५५५ सेट न्यानो झोला रु ७९३।८० का दरले रु ४,९७,७३१।६७ (भ्याट समेत) खरिद गरेकोमा विभिन्न स्वास्थ्य चौकीहरुलाई न्यानो झोला हस्तान्तरण गरेको फारम उपलब्ध हुन सकेन र सुत्केरी महिलाले न्यानो झोला बुझेको भरपाई समेत उपलब्ध नहुँदा उक्त न्यानो झोला वितरण भए/नभएको एकिन गर्न नसकिएको रु	४,९७,७३१।६७
५१.	१७५/२०७६/०३/२३ उपमहानगरपालिकाले धर्मभक्त मेडिसिन डिस्डिव्युर्प्सबाट रु ४,९९,४६०।- औषधि खरिद गरेकोमा स्वास्थ्य चौकीलाई वितरण गरेको हस्तान्तरण फारम उपलब्ध नभएको रु	४,९९,४६०।-
५२.	१७८/२०७६/०३/२५ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा कुनै रकमको भुक्तानी गर्दा खर्चको विल भर्पासहित लेखा राख्नुपर्ने उल्लेख छ । उपमहानगरपालिकाले आधारभुत स्वास्थ्य सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यक्रमको लागि वडा नं. ११, १३, १४, १६ र २० मा वितरण गर्न अन्जली ट्रेड एण्ड सप्लायर्सबाट रु ३,९८,८९०।- को फर्निचर खरिद गरेकेमा माग फारम नभएको र वडाहरुलाई सो फर्निचर हस्तान्तरण गरेको भरपाई उपलब्ध नभएको रु.	३,९८,८९०।-
५३.	२१९/२०७६/०३/३१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा कुनै रकमको भुक्तानी गर्दा खर्चको विल भर्पासहित लेखा राख्नुपर्ने उल्लेख छ । नगरपालिका स्तरीय खोप ऐन, नियमावली, ए.इ.एफ.आइको जानकारी खोप कार्यक्रमको समिक्षा, सुक्ष्म योजना अद्यावधिक कार्यक्रम २ दिने तालिम सञ्चालन गरेकोमा तालिमको लागि कार्ययोजना, बजेट वाँडफाड, फोटो, कार्य सम्पन्न प्रतिवेदन पेश नगरी उपमहानगरपालिकाले भुक्तानी दिएको रु	४५,०००।-
५४.	२३१/२०७६/०३/३१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा कुनै रकमको भुक्तानी गर्दा खर्चको विल भर्पासहित लेखा राख्नुपर्ने उल्लेख छ । महामारी तथा प्रकोपजन्य रोगहरुको अवस्थामा RRT/CRRT परिचालन गर्ने, चौमासिक रिभ्यु तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्नुपर्नेमा RRT/CRRT समिति गठन माग गरेको र कुनै पनि कार्यक्रम नै सञ्चालन नगरी सदस्यहरुले बैठक भत्ता बुझी भुक्तानी दिइएको रु	३०,६२५।-

दफा नं.	भौचर, मिति र व्यहोरा	बेरुजू रकम रु.
५५.	२०८/२०७६/०३/३१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा कुनै रकमको भुक्तानी गर्दा खर्चको विल भर्पासहित लेखा राख्नुपर्ने उल्लेख छ । प्रकोप जोखिम व्यवस्थापन तथा आकस्मिक पोषण कार्ययोजना निर्माण सम्बन्धी तालिमको लागि भुक्तानी दिईएको रु ३८,५००।- तालिम सञ्चालन भएको कुनै योजना, बजेट बाँडफाड, तालिम सञ्चालन भएको पुष्टि गर्ने कुनै कागजात नभएको रु	३८,५००।-
५६.	२१६।२०७६।३।२१ : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा कुनै रकमको भुक्तानी गर्दा खर्चको विल भर्पासहित लेखा राख्नुपर्ने उल्लेख छ । जनस्वास्थ्य प्रवर्द्धन कार्यक्रम अन्तर्गत आधारभूत स्वास्थ्य सेवा कन्द्रेका कार्यालय सहयोगीहरुको कार्य संचालन व्यवस्थापन सम्बन्धी तालिम संचालनका लागि आवश्यक कार्ययोजना, बजेट अनुमान, फोटो, सम्पन्न प्रतिवेदन विना नै सहभागिहरुलाई भत्ता वितरण गरेको भपाई मात्र पेश गरी भुक्तानी दिइएको रु.	७९,०००।००
५७.	३८९।२०७५।१०।१७ : सार्वजनिक खरिद ऐन-२०६३ को दफा ४६ मा गैर सरकारी संस्थाबाट काम गराउन सकिने व्यवस्था छ । जसमा जनचेतना सम्बन्धी तालिम,अभिमुखीकरण,सवलीकरण,मूल प्रवाहीकरण जस्ता कार्य गैर सरकारी संस्थाबाट गराउँदा छिटो,छरितो,प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट सार्वजनिक खरिद नियमावलीको नियम ९९ मा तोकिए बमोजिमको प्रकृया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्नेछ भन्ने व्यवस्था छ । उपमहानगरपालिकाले २०७५।१०।८ मा जनता सीप विकास केन्द्र प्रा.लि. गैर सहकारी संस्था संग सँग सम्झौता गरी २०७५।१०।११ देखि १३ गते सम्म जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरी कम्वल वितरण गरेको पाइयो । यसरी गैरसरकारी संस्थाबाट वितरणमूखि कार्यक्रम संचालन गरी भुक्तानी दिएको नियमित नदेखिएको रु	३,९९,२५४।००
५८.	३२४।२०७५।९।२४: वडा नं. २० मा २०७५।०७६ को वार्षिक योजना अन्तर्गत महिला शिर्षकमा लक्षित कार्यक्रम अनुसार छठ पर्वको अवसरमा अति विपन्न गरिव महिलाहरुलाई राहत सहयोगको रुपमा ४०० थान साडी वितरण गरी मिति २०७५।८।४ मा भुक्तानीको लागि सिफारिस गरी भूक्तानी दिएको देखियो । समन्यायिक रुपमा विकासका काममा प्रयोग गर्नु पर्ने वजेट महिलाहरुको उत्थानका नाममा वितरणमूखि कार्यक्रम संचालन गरी खर्च गरेको औचित्यपूर्ण नदेखिएको रु.	२,००,०००।००
५९.	४८५।२०७५।११।१५ : उपमहानगरपालिकाबाट सिभिल सव इन्जिनियर र कम्प्यूटर अपरेटर पदको प्रयोगात्मक परीक्षा र अन्तरवार्ता संचालन तथा करार नियुक्ति सिफारिसको लागि खरिदार ललिता कुमारी जर्गाले रु. २,८०,०००। पेश्की लिएको र पदपूर्तिका लागि पत्रिकामा विज्ञापनको लागि सूचना प्रकाशन नगरेको, परीक्षा संचालन पश्चात नतिजा समेत नखुलाई पदपूर्ति गरिएकोले जनशक्ति पदपूर्तिको प्रक्रिया सम्वन्धि अभिलेख प्राप्त हुन नसकेकोले सो को प्रमाण पेश हुनु पर्ने रु	२,८०,०००।००
६०.	४९५।२०७५।११।२१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा कुनै रकमको भुक्तानी गर्दा खर्चको विल भर्पासहित लेखा राख्नुपर्ने उल्लेख छ । नगर स्तरीय मुस्लिम सशक्तिकरण कार्यक्रम एवं सीपमुलक तालिम संचालन गर्न कार्यपालिकाले मिति २०७५।८।४ को निर्णयानुसार चन्दा बारा एजल्सालाई रु. ५,००,००० भुक्तानी दिइएको लागि कार्ययोजना, बजेट बाँडफाँडको अनुमान, कार्य सम्पन्न गरेको प्रतिवेदन लगायत आवश्यक प्रमाण उपलब्ध हुन सकेन । ज्यालादारीमा कार्य गरेको डोर हाजिरी फारम (कसको डोर हाजिर हो नखुलेको) डोर हाजिरीमा भत्ता बुझिलिनेको हस्ताक्षर नभएको, डिजेल, चिया, नास्ताको बील पेश गरी भुक्तानी दिइएको रु.	५,००,०००।००
६१.	आलेप अधिकृत टिना सुवेदी, मैनाली च.नं. २५७ मिति २०७५।१०।२० को पत्रानुसार श्री बुढानिलकण्ठ नगरपालिकामा हाजिर हुन गएकोमा यस जीतपुर सिमराबाट त्यसपछि पनि अषाढसम्म तलब भत्ता भुक्तानी दिएकोले तलव र ग्रेड समेत असुल हुनुपर्ने (तलब स्केल रु. ३२,०९० ग्रेड ३ १०७०) रु.	१,८७,५५३।००

दफा नं.	भौचर, मिति र व्यहोरा	बेरुजू रकम रु.
६२.	जीतपुरसिमरा उपमहानगरपालिका र नेपाल क्लिन एण्ड ग्रिन सिटी प्रा.लि. बीच २०७५।५।२२ मा वडा नं. १,२,३,४र७ मा बजार क्षेत्रको घरधुरीको फोहोरमैला संकलन, बर्गीकरण साथै बाटो सफाइको लागि सम्झौता भएको र परियोजना संचालनमा ल्याउने र मासिक रुपमा प्रतिवेदन नगरपालिकालाई बुझाए पछि मात्र भुक्तानी दिने सम्झौतामा उल्लेख भएकोमा संस्थाले वडा नं. ७ को वर्ष भरिकै मासिक रुपमा बुझाउनु पर्ने प्रगति प्रतिवेदन पेश नगरिकनै मासिक रु. १,६३,००० का दरले भुक्तानी गरेको पाइयो । साथै संस्थाले सरसफाई सम्बन्धी कार्य महिनाको एकपटकका दरले निरन्तर अनुगमन गर्नु पर्ने र अनुगमन गर्दा देखिएका व्यहोरालाई लिखित रुपमा उल्लेख गरी कम्तीमा ३ महिनामा एकपटक नगरपालिकालाई उपलब्ध गराउनु पर्नेमा सो नभएको र संस्थाले नगरपालिकालाई वार्षिक कार्य सम्पन्न प्रतिवेदन पनि पेश गरेको पाइएन ।	
६३.	४१५।२०७५।१०।२४ थारु कल्याणकारी सभा नगर समिति जीतपुरसिमराले माझी पर्वको अवसरमा वडा नं. ५ बकुलियामा २०७५।१०।५ ७ सम्म जनजाति सशक्तिकरण कार्यक्रम संचालन गरेको भनिएकोमा के काम गरेको हो लाभग्राही तथा सहभागी कति को कार्यक्रमको योजना, फोटो कार्य सम्पादन प्रतिवेदन समेत नभएको रु.	१,०,१०००।००
६४.	भ्रमण अभिलेख र प्रतिवेदन : भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ बमोजिम भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण अभिलेख राख्नुपर्ने र आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणाली थप व्यवस्था गरी औचित्यपूर्ण भ्रमणको लागि मात्र स्वीकृत दिनुपर्ने देखिन्छ । नगरपालिकाले भ्रमणमा जाने कर्मचारी र पदाधिकारीको भ्रमण अभिलेख राखेको पाइएन । भ्रमणमा गए पश्चात भ्रमण प्रतिवेदन लिने वा अनुगमन प्रतिवेदन दिने गरेको पाइएन । यसकारण भ्रमण खर्च दोहोरोपना र औचित्यपूर्ण रहे नरहेको विश्लेषण गर्न सकिएन ।	
६५.	११।२०७६।२।२३ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा कुनै रकमको भुक्तानी गर्दा खर्चको विल भर्पासहित लेखा राख्नुपर्ने उल्लेख छ । राष्ट्रिय ग्रामिण तथा नविकरण उर्जा कार्यक्रम अन्तर्गत सुधारिएको चुल्हो (बायोग्याँस) प्रविधि कान्या ट्रेनिङ्ग कर्न्सनबाट २८ वटा ३१५० को दरले खरिद गरी रु. ८८,२०० भुक्तानी दिएकोमा कसलाई सो सुधारिएको चुल्हो वितरण गरेको भन्ने विवरण खुल्ने भपाई उपलब्ध हुन नसकेको रु	८८,२००।
६६.	१६३/२०७६/०३/१५ उपमहानगरपालिकाले दिब्या आयुर्वेद फर्मासँग रु ४,९९,३०९।- को आयुर्वेदिक औषधी खरिद गरेकोमा कम्पनी दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर प्रमाणपत्र संलग्न नगरेको पाईयो र उक्त औषधिहरु स्वास्थ्य चौकीहरुलाई वितरण गरेको हस्तान्तरण फारम संलग्न गर्न नभएको रु	४,९९,३०९।-
६७.	**शिक्षा तर्फ :** आ.व. २०७५।७६ मा आधारभूत तथा माध्यामिक तहका स्वीकृत दरवन्दी शिक्षक राहत कोटा, अनुदान शिक्षक एवं प्राविधिक प्रशिक्षक तथा सहायक प्रशिक्षकहरुको प्रथम चौमासिकको रु ६,९३,३८,६७२। तलव खर्च लेखेकोमा विधालयवाट पेश भएको माग फाराम लेखापरीक्षणका लागि पेश नभएकोले उक्त रकम एकिन गर्न सकिएन ।	
६८.	**गैर सरकारी संस्थावाट कार्य** - सार्वजनिक खरिद ऐन-२०६३ को दफा ४६ मा गैर सरकारी संस्थाबाट काम गराउन सकिने व्यवस्था छ । जसमा जनचेतना सम्बन्धी तालिम,अभिमुखीकरण,सवलीकरण,मूल प्रवाहीकरण जस्ता कार्य गैर सरकारी संस्थाबाट गराउँदा छिटो,छरितो,प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट सार्वजनिक खरिद नियमावलीको नियम ९९ मा तोकिए बमोजिमको प्रकृया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्नेछ भन्ने व्यवस्था छ । उपर्युक्त बमोजिमको प्रकृया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्नेछ भन्ने व्यवस्था रहेकोमा त्यस्तो प्रकृया नअपनाई यो वर्ष देहाय अनुसार रु ६२,४४,२५५। वरावरको काम गैर सरकारी संस्थावाट गराएको पाइयो ।	

दफा नं.	भौचर, मिति र व्यहोरा	बेरुजू रकम रु.

भौ नं । मिति	सम्झौता मिति	संस्थाको नाम	कामको विवरण	रकम
417/2075/10/25	2075/10/17	नेपाल स्किल ट्रेनिङ्ग सेन्टर प्रा.लि.	वडा नं. ८ का बालबालिकालाई शैक्षिक सामाग्री वितरण	5,98,674/
418/2075/10/25	2075/10/17	नारायणी स्किल डेभलपमेन्ट प्रा.लि.	महिलालाई ग्यास सिलिन्डर वितरण वडा नं. ८	5,98,335/
458/2075/11/8	2075/10/27	नेशनल स्किल डेभलपमेन्ट इन्स्टिच्युट	लक्षित बालबालिकाहरुलाई क्षमता विकास तालिम	98,140/
389/2075/10/17	2075/10/8	जनता सिप विकास केन्द्र प्रा.लि.	कम्वल वितरण कार्यक्रम	3,99,624/
487/2076/2/6	2075/12/29	यूनिक स्किल डेभलपमेन्ट प्रा.लि.	लागु पदार्थ तथा मदिरा मुक्त वडा अभियान कार्यक्रम	4,94,962/
793/2076/2/7	2075/12/24	जागरुक अभियान तालिम तथा परामर्श प्रा.लि.	बाखा पालन तालिम तथा बाखा वितरण कार्यक्रम वडा नं. १३	2,00,000/
798/2076/2/8	2075/12/21	दलित महिला अधिकार मञ्च	जेष्ठ नागरिक सम्मान कार्यक्रममा पोशाक वितरण वडा नं. १८	99,892/
912/2076/2/31	2075/9/24	एक्सन फर स्किल डेभलपमेन्ट कन्सल्टेन्सी	कर्मचारी तथा लक्षित जनप्रतिनिधि तथा सर्वसाधरण जनतालाई परामर्श सेवा प्रदान	3,68,380/
918/2076/3/2	2076/2/12	युवा समाज विकास केन्द्र	हाइब्रीड थानको बीउ वितरण कार्यक्रम	99,500/
930/2076/3/5	2075/12/24	जानकी स्किल डेभलपमेन्ट प्रा.लि	लोकसेवा कक्षा तालिम	3,50,000/
942/2076/3/6	2076/2/7	महिला उत्थान तथा सामुदायिक विकास केन्द्र	महिलाहरुलाई जनचेतनामूलक कार्यक्रम	1,97,185/
861/2076/2/20	2076/2/1	कपुरबोट मिडिया प्रा.लि.	महिला जनप्रतिनिधीलाई नेतृत्व विकास तथा क्षमता अभिवृद्धि तालिम संचालन	3,16000/
866/2076/2/21	2075/12/28	जेनरल फर स्किल डेभलपमेन्ट कन्सल्टेन्सी प्रा.लि.	वडा नं. १९ महिलाहरुको क्षमता विकास तालिम (झुल वितरण)	1,99,896/
871/2076/2/21	2075/2/6	शिवम स्किल डेभलपमेन्ट प्रा.लि.	वडा नं. २० जेष्ठ नागरिक सम्मान कार्यक्रम झुल वितरण	4,97,511/
872/2076/2/23	2076/2/6	दलित महिला अधिकार मञ्च		47,100/
497/2075/11/21	2075/11/10	स्केल ट्रेनिङ्ग	दलित समुदायलाई	3,78,121/

दफा नं.	भौचर, मिति र व्यहोरा	बेरुजू रकम रु.

		इन्स्टिच्यूट	सशक्तिकरण तालिम तथा बालबालिकालाई शैक्षिक सामाग्री वितरण	
518/2075/11/28	2075/11/12	मान कल्याण जिल्ला समिति	च्याउ खेति तालिम बीउ वितरण कार्यक्रम	1,50,000/
642/2075/12/26	2075/12/15	जेनरल फर स्किल डेभलपमेन्ट	अपागं अभिमुखिकरण कार्यक्रम	49,720/
643/2075/12/26	2075/12/15	जेनरल फर स्किल डेभलपमेन्ट	जेष्ठ नागरिक सम्मान	99,440/
662/2075/12/28		खाती मिडिया प्रा.लि	जननिर्वाचित प्रतिनिधीहरुलाई न्यायिक समिति समबन्धी तालिम	2,97,500/
671/2075/12/29	2075/11/10	जानकी स्किल डेभलपमेन्ट प्रा.लि.	काष्ठकला तालिम कार्यक्रम	4,98,319/
770/2076/2/2	2076/1/6	उज्यालो नेपाल विकास संस्था	महिलाहरुको पाठेघर समस्या तथा स्वास्थ्य सम्बन्धी कार्यक्रम	1,99,500/
786/2076/2/6	2075/11/30	युनिभर्सन स्किल डेभलपमेन्ट प्रा.लि.	खुला दिशामुक्त अभियान (शौचालय सामाग्री वितरण	3,06,456/
			जम्मा	**65,44,255/**

६९. **पेशिक बाँकि: पेश्की -** आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ९ अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार उपमहानगपालिकाको आर्थिक बर्षको अन्त्य सम्म फछ्र्यौट नभई बाँकी रहेको पेश्की देहाय अनुसार देखिएकोमा नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु..

१,९५,८८,१२९।००

क्र.सं.	पेशकी पाउनेको कर्मचारीको नाम	रकम रु.
संघिय सरकारबाट हस्तान्तरिक कार्यक्रम		
1.	बाबुलाल सहनी	२७,९५,६००।-
2.	श्री ने रा मा वि बकुलिया	५२,५०,०००।-
चालु		
1.	पसाहा टोल बौद्ध गुम्बा निर्माण उ स १८	५०,०००।-
2.	शमसान घाट निर्माण उ स २०	५०,०००।-
3.	खेलमैदान मर्मत संम्भार उ स १९	६२,५००।-
4.	सरस्वती देवी चौधरी	५०,०००।-
5.	बाबुलाल सहनी	३,००,०००।-
6.	हरिकिसोर साह कानु	७,००,०००।-
7.	साह महमद	८०,०००।-
8.	सुरज महतो	१५,४६८।-
पुँजिगत :		
1.	डि एण्ड आर कन्सट्रकसन	७०,०००।-
2.	सुमन निर्माण सेवा	५,००,०००।-
3.	तामाकोशी बिल्डर्स	४५,००,०००।-
4.	नेपाल बिधुत प्राधिकरण -महन्त धोवीको घरदेखि भोला	३,९६,०००।-

दफा नं.	भौचर, मिति र व्यहोरा	बेरुजू रकम रु.

	अन्सारीको बास सम्म बाट ढलान र अन्सारुलको घर सम्म नाला निर्माण)	
5.	नेपाल विधुत प्रधिकरण (ट्रान्सफर जडान तथा विधुतिकरण)	२,९८,५६१।-
6.	बृद्ध आश्रम निर्माण उ स १	५०,०००।-
7.	नहर टोल सडक ढलान उ स २४	१,२०,०००।-
8.	बाटो ढलान तथा पक्की नाला निर्माण उ स २३	७०,०००।-
9.	बाटो ढलान तथा पक्की नाला निर्माण उ स २३	४५,०००।-
10.	बाटो ढलान तथा पक्की नाला निर्माण उ स २३	८०,०००।-
11.	बाटो ढलान तथा पक्की नाला निर्माण उ स २३ पुरानो बेहरा	९५,०००।-
12.	चुरीयामाइ खोला पक्की डयाम निर्माण उ स २१	५०,०००।-
13.	बाटो मर्मत तथा ग्रेभल उ स १४	५०,०००।-
14.	पक्की नाला तथा बाटो ढलान १२	५०,०००।-
15.	रमौली गम्हरगावा बाटो निमार्ण	५५,०००।-
16.	रामटोल पक्की नाला निर्माण उ स ७	१५,०००।-
17.	सामुदायिक भवन निर्माण उ स ४	५०,०००।-
झोलुङगेपुल		
१	नेपाल फुलवारी स्वर्णिम अंशुमन ज्वाइन्ट भेन्चर	३७,४०,०००।-
	जम्मा	**१,९५,८८,१२९।००**

७०. **सम्पत्ति हस्तान्तरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा उपमहानगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।

७१. **अनुगमन तथा मुल्याङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को बेरुजु फछर्यौट सम्बन्धमा कुनै कार्वाही गरेको छैन । तसर्थ वेरुजु फछर्यौट गरी विधि नियमितता रुपमा गरिनु पर्दछ । उपमहानगरपालिकाले वेरुजु फछर्यौट तर्फ कुनै पनि कार्वाही गरेको पाईएन । बेरुजु फछर्यौट गरिनु पर्दछ ।

गत वर्षको बेरुजु रकम(रु.) (A)	यो वर्ष फछर्यौट (B)	बॉकी (C= A-B)
११,३१,८०,०००।००		११,३१,८०,०००।००

७२. **अद्यावधिक बेरुजु स्थिति** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ४० वमोजिम बेरुजु असुल फछर्यौट गर्नुपर्ने व्यवस्था छ । उपमहानगरपालिकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछर्यौट गर्न बॉकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ । उपमहानगरपालिकाले बेरुजु लगत तयार गरी असुल फछर्यौट गरेको देखिएन । तसर्थ उल्लेखित ऐन वमोजिम फछर्यौट गर्नूपर्ने

<table>
<tr><th>दफा नं.</th><th>भौचर, मिति र व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>रकम असुल फछर्योट गर्नु पर्दछ ।
<table>
<tr><th>गत वर्ष्सम्मको फछर्यौट गर्न बाँकी रु. (C)</th><th>यो वर्षको सं.प. बाट कायम बेरुजु रु.(D)</th><th>यो वर्षको कायम बेरुजु रु. (E)</th><th>बाँकी (F=C+D+E)</th></tr>
<tr><td>११,३१,८०,०००।००</td><td></td><td>६,८४,७०,२८६।६७</td><td>१८,१६,५०,२८६।६७</td></tr>
</table></td><td></td></tr>
</table>

अनुसूची– १

जीतपुरसिमरा उपमहाननगरपालिकाको बेरुजू वर्गीकरण
२०७५।७६

(

रु.हजारमा)

सि. नं.	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			वाँकी बेरुजू								
			दफा संख्या			दफा संख्या			दफा संख्या				नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगती	रकम	सैदान्तिक	लगती	रकम	सैदान्तिक	लगती	रकम	अशुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१.	बारा	जीतपुरसिमरा उपमहानगरपालिक	४५	३३	६८४७०	०	०	०	४५	३३	६८४७०	१७२५८	२९७३	१७४८५	०	०	२०४५०	१५१०७	१५६४७	३०७५४

अनुसूची- २

स्थानीय तह सञ्चित कोष विवरण
२०७५।७६

(रु.हजारमा)

सि. नं.	स्थानीय तह	जिल्ला	ऋाय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५-९)
१.	जीतपुरसिमरा उपमहानगरपालिका	बारा	२४८९३५	२७४९४२	३५७२०९	५६३४६९	११९५६२०	५४९३१०	३६६०१७	५०७२६	९६६०५३	४७८५०२

अनुसूची- ३

अध्यावधिक बेरुजु स्थिति
२०७५।७६

(रु.हजारमा)

सि. नं.	स्थानीय तह	जिल्ला	गत वर्षको बाँकी	यो वर्षको फछ्र्यौट	बाँकी	यो वर्ष सं प. बाट कायम भएको बेरुजु	यो वर्षको बेरुजु	कुल बाँकी बेरुजु
१.	जीतपुरसिमरा उपमहानगरपालिका	बारा	११३१८०	०	११३१८०	०	६८४७०	१८१६५०